नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि


Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

• वर्ष ३ • अंक ३०७ • २०८२ साल असोज २२ गते बुधबार • Wednesday 08, October 2025 • सूर्योदय: बिहान ५:५९ बजे • सूर्यास्त: साँझ ५:४७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## भ्रष्टाचारको आरोपमा लेखापाललाई मोसो



**मधेशदृष्टि**
**रौतहट।**
चन्द्रनिगापुरमा पूर्वाधार विकास कार्यालय रौतहटका लेखापाल सुदीप गौतममाथि सोमबार राति युवाको समूहले भ्रष्टाचारी भन्दै मोसो दलेका छन् । घटना चन्द्रनिगापुरस्थित गौतम होटलमा भएको हो । गौतम होटलमा बसेर मदिरा सेवन गरिरहेका बेला युवाको समूह पुगेर उनलाई मोसो दलिएको हो । युवाहरूले 'भ्रष्टाचारीलाई मोसो दल्नुपर्छ' भन्दै नारा लगाएका थिए । उनीहरुले खिचेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि घटना सार्वजनिक भएको हो । घटनापछि त्यस क्षेत्रको अवस्था केही समय तनावपूर्ण बनेको थियो। प्रहरी प्रशासनले घटनामा संलग्नको खोजी गरिरहेको छ।

# ग्याङः खुनी दरिन्दे समूह मुख्य योजनाकार जम्मा १६ वर्षका ?





असोज १४ गते मारिएका २० वर्षीय गोल्डेन भनिने शिवम कुमार साह कानु र पर्सा प्रहरी प्रमुख सुदीपराज पाठक ।

**मधेशदृष्टि**
**वीरगंज ।**
असोज १४ गते राति वीरगंजको गीता मन्दिरमा चलेको दशैँ मेलामा मारिएका युवकको हत्यामा संलग्न मुख्य आरोपीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ । उनी पक्राउ परेसँग अपराधमा १६ वर्षकै युवाहरु कसरी संलग्न भइरहेका छन् भन्ने खुलासा पनि भएको छ । अर्कातिर पहिलोपटक जिल्लाको कमाण्ड सम्हाल्न आएका पर्साका प्रहरी प्रमुख सुदीपराज पाठकको नेतृत्व यस्तो आपराधिक घटनाका योजनाकार समाएर प्रशंसाको पात्र पनि भएको छ । ह्वाट्स एपमा 'खुनी दरिन्दे समूह (ग्याङ)' भनेर ग्रुप चलाउने समूहले वीरगंजमा यस्तो घटना गराएको पनि खुलेको छ ।

पर्साको पकहाँ मैनपुर गाउँपालिका–१, धोरे स्थायी घर भई वीरगंजमा बस्दै आएका अन्दाजी १६ वर्षी अंशु गिरी मंगलबार साँझ पक्राउ परेपछि दशैँ मेलामा हत्या भएका युवाको घटनामा प्रहरीलाई ठूलो सफलता मिलेको हो । घटनालगत्तै फरार गिरीलाई भारतमा लुकिछिपी बस्दै गरेको अवस्थामा प्रहरीले मंगलबार पक्राउ गरेर जिल्ला प्रहरी कार्यालय पर्सामा ल्याएको हो ।

यसअघि नै हत्यामा संलग्न रहेका ५ जनालाई प्रहरीले घटना भएको भोलिपल्टै पक्राउ गरेर असोज १६ गते पत्रकार सम्मेलन गरेर सार्वजनिक गरिसकेको थियो । यसअघि पक्राउ पर्नेमा हत्याका मुख्य आरोपी पर्साको वीरगंज महानगरपालिका–२४

रामगढवाका १९ वर्षीय गौतम पटेल, २० वर्षीय सुभांकर चौरसिया, २२ वर्षीय अमिरी पटेल भनिने करण प्रसाद पटेल, २४ वर्षीय चन्दन चौरसिया र १९ वर्षीय अमन पटवा थिए ।

वीरगंजमा लागेको दशैँ मेलामा अष्टमीका राति असोज १४ गते मंगलबार राति ११:३० बजेतिर वीरगंज महानगरपालिका वडा नम्बर १० गीता मन्दिर रोडमा युवाको दुई समूहबीच कुटपिट हुँदा बारा, परवानीपुर गाउँपालिका वडा नम्बर ९ स्थायी घर भई वीरगंज–१० मा बस्दै आएका २० वर्षीय गोल्डेन भनिने शिवम कुमार साह कानुको मृत्यु भएको थियो ।

गोल्डेनको हत्या 'खुनी दरिन्दे समूह' का नामबाट ह्वाट्स अप ग्रुप बनाएका युवाको समूहले गरेको अनुसन्धानक्रममा खुलेको असोज १६ गतेको पत्रकार सम्मेलनमा पर्साका प्रहरी उपरीक्षक सुदीपराज पाठकले खुलासा गरेका थिए । घटनामा संलग्न अरू केही व्यक्तिको पनि पहिचान खुलिसकेको र उनीहरूको पनि खोजी भइरहेको प्रहरी उपरीक्षक पाठकले बताए । यसैक्रममा १६ वर्षका गिरी भारतमा लुकेर बस्दा पनि समातिएपछि प्रहरीको नजरमा अपराधी धेरै लुक्न नसक्ने विषय पनि सतहमा आएको छ । अर्कातिर इन्टरनेट र ह्वाट्स एप समूहबाट पनि अपराधमा युवाहरु संगठित भइरहेको पाइएको छ ।

## होटलमा दुई भारतीय मृत फेला



वीरगंजको बसपार्क भानुचौकस्थित होटल शाह प्याराडाइजमा मंगलबार बेलुका दुई भारतीय मृत फेला परेका छन् । प्रहरीका अनुसार होटलमा पेश गरिएको विवरणमा उनीहरू भारतीय नागरिक भएको पाइएको छ । उनीहरु असोज १९ गते कोठा नम्बर १११ मा बसेको होटलका सञ्चालक भरत साहले बताए । उनीहरु काठमाडौँबाट आएर कलकत्ता जाने बताएर होटलमा बसेका थिए । मंगलबार साँझ उनीहरु बसेको होटलको कोठा नखुलेपछि प्रहरीमा खबर गरिएको थियो । पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले भारत, कलकत्ता, वेस्ट भुवन मनका सागर आचार्जी (२४) र सजल आचार्जी (६७) का नाममा उनीहरु होटल बुक गरेर बसेको पाइएको बताए । उनीहरु बाबुछोरा भएको खुलेको छ । एकजना झुण्डिएको र एकजना तल भूइँमा लडिरहेको अवस्थामा भेटिएको छ ।



## रामजानकी मन्दिर जोगाउन समिति गठन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १०, घडिअर्वास्थित ऐतिहासिक रामजानकी मन्दिर पुनः कब्जामा पर्न नदिन स्थानीय एकजुट भएका छन् । मंगलबार घडिअर्वामा आयोजित स्थानीयको भेलाले मन्दिर सञ्चालन र व्यवस्थापनका लागि ११ सदस्यीय तदर्थ समिति गठन गरेको छ ।

समितिको प्रमुख संरक्षकमा वडाध्यक्ष सुशील साह कानु छन् भने सदस्यहरूमा विदुर प्रसाद कलवार, नन्दु साह कानु, हरिया साह कानु, प्रकाश सिंह, राजु साह तुराहा, मनोहर साह, प्रभाकर गुप्ता, अंगद साह कानु, मुन्ना साह, सन्तोष मरहठ्ठा र क्रान्ति शाह छन् । तदर्थ समितिका सदस्य मनोहर साहका अनुसार मन्दिरका तथाकथित पुजारी शम्भुनाथ तिवारीले फेरि मन्दिर कब्जा गर्ने प्रयास थालेपछि समिति गठन गरिएको हो । अब मन्दिरको सम्पूर्ण सञ्चालन, व्यवस्थापन र स्वामित्व समितिले नै गर्ने साहले बताए । समितिका अर्का सदस्य प्रभाकर गुप्ताले पनि मन्दिर सबै वीरगंजबासीको साझा सम्पत्ति भएको उल्लेख गर्दै यसको रक्षा गर्न जस्तोसुकै मूल्य चुकाउन तयार रहेको बताए ।

उनले महानगरपालिकालाई औपचारिक रूपमा जानकारी दिएर महानगर प्रमुखको निर्देशनअनुसार अघि बढिने बताए । आफू मन्दिरको पुजारी भएको दाबी गर्दै तिवारीले विगत ३० वर्षदेखि मन्दिरको प्रवेशद्वार बन्द गरेर जग्गा अतिक्रमण गर्दै पक्की संरचना बनाएका थिए । ती सटरहरू भाडामा दिएर आम्दानी लिने र निजी कमाइ बनाउने कार्य भइरहेको थियो । तर, २०७९ चैत २५ गते वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको नेतृत्वमा डोजर लगाएर अवैध संरचना भत्काइएको थियो । मन्दिरलाई अतिक्रमणमुक्त बनाएर सौन्दर्यकरण गर्दै भारतबाट भगवान् राम, सीता र हनुमानको मूर्ति ल्याएर प्रतिष्ठा गरिएको थियो ।

हालै जेन्जी आन्दोलनको मौका छोपी पुजारी तिवारीले फेरि मन्दिर कब्जाको प्रयास थालेपछि स्थानीय युवा शुक्रबार बिहान मन्दिरमा भेला भएर प्रतिवाद गरेका थिए । तिवारीले मन्दिरको पर्खाल भत्काई छेउको आफ्नै घरतर्फ गेट बनाउने काम थालेको देखिएको छ । पुजारी तिवारीले वीरगंजस्थित उच्च अदालतको अस्थायी इजलासमा रिट दर्ता गरेका थिए । तर, रिट अदालतले अस्वीकार गरेपछि महानगरले पक्की संरचना हटाएको थियो । २०७९ फागुन ४ मा तिवारीका पक्षमा जारी भएको अन्तरिम आदेश पनि २०७९ चैत २४ मा खारेज भएपछि भोलिपल्ट नै मन्दिर अतिक्रमणमुक्त गरिएको थियो ।

## हर्षोल्लासपूर्वक मनाइयो कोजाग्रत पूर्णिमा





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामसहित मिथिलाञ्चलमा कोगाग्रत पूर्णिमा मनाइएको छ । यस दिन भगवान रामसीताको मूर्तिलाई खुला मैदानमा राखेर भजनकिर्तन गर्दै पानमखान चढाउने र प्रसादस्वरुप बाँड्ने परम्परा छ । यो पर्व जनकपुरको हरेक मठमन्दिरमा उल्लासपूर्वक मनाउने गरिन्छ । मिथिलाञ्चलमा नवविवाहित बेहुलाका घरमा पनि कोजाग्रत पर्व मनाउने परम्परा छ । बधु पक्षद्वारा वर पक्षलाई पठाइएको सामग्रीले रमाइलो गरी पासा र पचिसी खेल्ने परम्परा छ ।

कोजाग्रत पर्वलाई जागृति पर्वका रुपमा पनि मानिने र यस पर्वलाई विष्णुत्वको प्रतीकका रूपमा समाजले स्वीकारेको छ । मैथिल संस्कृतिको एउटा प्रमुख अंग रहेको यस पर्वमा परिवारका सदस्यले पान, मखान र मिठाइ खाने तथा एकअर्कासँग प्रेमपूर्वक भेटघाट गर्ने चलन छ । पर्व जनकपुरधाममा महोत्सवकै रुपमा मनाउने परम्परा छ ।

पारिवारिक समृद्धि र सौभाग्यका लागि यो पर्व मैथिल संस्कृतिअनुसार मनाइन्छ । मैथिल संस्कृतिमा कोजाग्रतलाई निर्मल, धवल एवम् शीतल रातका रूपमा मानिन्छ । कोजाग्रतका राति भगवती श्रीलक्ष्मीले स्वयम् निरीक्षण गर्ने र जाग्राम बस्नेलाई धनधान्यले पूर्ण गर्छिन् भन्ने जनविश्वास रहेको जानकारहरु बताउँछन् । त्यसैगरी कोजाग्रत पूर्णिमाका अवसरमा मंगलबार जनकपुरधामस्थित जानकी मन्दिरमा १ सय १ कोसेली (भार) ल्याइएको छ । महोत्तरीको रतौली गाउँबाट जानकी मन्दिरमा परम्परागतरूपमा ल्याइने १ सय १ कोसेली यसवर्ष पनि अर्पण गरिएको हो । सैयौँ वर्षदेखि निरन्तर चलिआएको यस धार्मिक परम्पराअनुसार, रतौलीबासीले विविध पूजा सामग्रीसहितको भार मन्दिर ल्याइएको जानकी मन्दिरका महन्थले राम तपेश्वर दासले जानकारी दिए ।

कोजाग्रत पूर्णिमा हिन्दू धर्ममा विशेष महत्व राख्ने रात हो । धार्मिक विश्वासअनुसार, पूर्णिमाका राति देवी लक्ष्मीले जाग्राम बसेका भक्तजनलाई धन र समृद्धिको वर्षा गर्छिन् । त्यसैले यो रातलाई 'अमृत वर्षा' रातका रूपमा लिने गरिन्छ । रतौलीबाट ल्याइएको भार जानकी मन्दिरको विशेष पूजामा समर्पित गरिन्छ । जुन जानकी र रामप्रति भक्तिको प्रतीकका रुपमा लिइन्छ ।

रतौलीका स्व महेन्द्रप्रसाद ठाकुरको घरबाट मन्दिरमा ल्याइएको भारबाटै भगवान सीतारामको चुमाओन गर्ने परम्परा छ । भारमा पान, मखान, लड्डु, खाजा, चामल, दाल तरकारी, भगवान् राम र माता जानकीको कपडा ल्याइन्छ । यो परम्परा सैयौँ सालदेखि चल्दै आएको छ ।

भारमा पान, मखन, फलफूल, दही, मिठाइ, सौँफ, मुम्फली अनिवार्य हुन्छ भने बेहुलासहित उनको परिवारका हरेक महिला सदस्यका लागि कपडा लग्नुपर्ने हुन्छ । बेहुलीको घरबाट बेहुलाको घरमा भार आएपछि बेहुलालाई चुमाउने गरिन्छ । अर्थात् चुमाओन गरिन्छ । पुरोहितले मन्त्रोच्चारण गर्दै बेहुलालाई चुमाएपछि ठूलाबडाले आशीर्वाद दिने गर्छन् । यस दिन बेहुलालाई मिथिलाको पाग लगाइ ससुरालीबाट आउने कपडा पहिराउने गरिन्छ ।

बेहुलीकै घरबाट आउने डाला, धान, अक्षता, दही, केराजस्ता पूजा सामग्रीबाट बेहुलालाई चुमाउने गरिन्छ । बेहुलाको टाउकोदेखि खुट्टासम्म पाँच प्रमुख स्थानलाई चुमाउने चलन छ । चुमाओन गरिनु भनेको एक किसिमको आशीर्वाद दिनु हो । चुमाओन विधि सकिएपछि सामूहिक रूपमा भोजजस्तै खानपिनको आयोजना गरिन्छ । क्षमता हुनेले ठूलो भोजकै आयोजना गर्छन् । यस अवसरमा मिठाइ, मखन, पान बाँड्नैपर्ने हुन्छ । खानपिनपछि कौडासहित पचिसी खेल्ने चलन छ । आठ कौडीहरू र सोह्र गोटीद्वारा पासाका चौँसट्ठी बेहुला र बेहुलीका दाजु वा भाइबीच खेलिन्छ । बेहुली पक्षबाट यस दिन भारका साथै अन्य सामान दिने चलन छ । आभूषण, औँठी, छाता, घडी पनि बेहुला पक्षलाई बेहुली पक्षले दिनुपर्ने हुन्छ । यसदिन छोरीको विवाह गर्दा प्रतिबद्धता गरेअनुसार बाँकी दाइजो दिने चलन छ । यसदिन बेहुली पक्षबाट कम्तीमा पाँच देखि ११ वा १५ जनासम्म भार लिएर आउने गर्छन् । क्षमता हुनेले सय वटासम्म र नहुनेले कम्तीमा ११ वटासम्म भार पठाउनुपर्ने हुन्छ ।

छोरीको विवाह भएर बिदाइ गर्ने बेलामा दिइने कोसेलीझैँ कोजगरा पर्वमा कोसेली दिने गरिन्छ । मिथिला संस्कृतिअनुसार यसअघि मधुश्रावणीका दिन बेहुलाको घरबाट बेहुलीको घरमा भार पुर्‍याउनुपर्ने हुन्छ ।

## विवादित पोखरी उपमहानगरद्वारा सौन्दर्यकरण शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २० मा रहेको विवादित तेलिया पोखरीलाई जनकपुरधाम उपमहानगरपालिकाले संरक्षण शुरु गरेको छ । हिन्दू र मुस्लिम समुदायबीच पटकपटक पोखरीको निहुँलाई लिएर विवाद र झडप हुँदै आएको थियो । सोमबार दुवै समुदायबीच भएको सहमतिअनुसार पोखरी जनकपुरधाम उपमहानगरपालिकाले संरक्षण गर्ने सहमति बनेको थियो । मंगलबार बिहानै पोखरी संरक्षण कार्यलाई शुरु भएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले स्थानीय प्रशासनमा भएको सहमतिअनुसार पोखरीको सौन्दर्यकरणको काम अगाडि बढाइएको जानकारी दिए । उनले पोखरीको चारैतिर बाटो निर्माण गरेर पोखरीमा घाट निर्माण गरिने जानकारी दिए ।

पोखरीको चारैतिर बाटो छुट्याएर वृक्षारोपण घाट निर्माण गरिने छ । पोखरीलाई दुवै समुदायले आआफ्नो पर्वमा प्रयोग गर्ने र त्यसपछि सामान हटाउने सहमति भएको छ । यस ठाउँमा दुवै समुदायबीच पोखरी र विभिन्न पूजाका नाममा विवाद हुँदै आएको छ । माता दुर्गाको मूर्ति विसर्जन क्रममा दुई समुदायबीच झडप भएपछि यस क्षेत्रमा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको थियो । सोमबार बसेको सर्वदलीय बैठकमा विगतमा भएको निर्णय नै कार्यान्वयन गर्ने सहमति भएको थियो ।

# तीन पार्टीका युवा नेताहरुद्वारा नेतृत्व हस्तान्तरणमा दबाब

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेका केन्द्रीय सदस्य अरबिन्द सिंहसहित विभिन्न पार्टीमा रहेका राजनीतिकर्मीहरूले दोस्रो र तेस्रो तहका नेतालाई आआफ्नो पार्टी पुनर्गठनको पहल लिन आह्वान गरेका छन् ।

वीरगंज निवासी एमालेका केन्द्रीय सदस्य सिंहका साथै अभिजित अधिकारी, अशेष घिमिरे, उषाकिरण तिम्सेना, करुणा पराजुली, जटिल कार्की, जेबि विश्वकर्मा, नवीन तिवारीसहितका २८ जना राजनीतिकर्मीले यस्तो आह्वान गरेका हुन् ।

राजनीतिलाई भ्रष्टाचारमुक्त गर्ने मागका साथ जेन्जीले आयोजना गरेको शान्तिपूर्ण र गरिमापूर्ण आन्दोलनमाथि सरकारले गरेको कायरतापूर्ण आक्रमण र नरसंहारमा जीवन दिनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूले यस्तो आह्वान गरेका हुन् । जेन्जीको आन्दोलन हुने परिस्थिति अचानक नआएको उनीहरूको बुझाइ छ ।

उनीहरूका अनुसार राजनीतिमा संस्थागत भएको भ्रष्टाचारविरुद्ध राजनीतिक पार्टीका कार्यकर्ता, नागरिक समाज, बुद्धिजीबी, सञ्चारमाध्यम तथा देशभित्र र बाहिर रहेका नेपालीहरूबाट आवाज उठिरहेका थिए ।

राज्य र राजनीतिको जिम्मेवारीमा रहेकाहरूले नागरिकको आवाज नसुनेपछि कहीँ न कहीँबाट विद्रोह हुनु अनिवार्यजस्तै भएको थियो र जेन्जी नेपाली समाजको ज्वलन्त मागलाई लिएर सडकमा गएको उनीहरूको बुझाइ छ । तर, मुख्य राजनीतिक दलका नेताहरुले अझै पनि यो सन्देश नसुने झैँ गरेको उनीहरूको बुझाइ छ । मुलुकलाई अझै ठूला दुर्घटनातर्फ धकेल्नबाट रोक्न सबै दलका दोस्रो र तेस्रो तहका नेताहरुले पार्टी पुनर्गठनको पहल लिनुपर्ने २८ राजनीतिककर्मीको आह्वान छ ।


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय, गितामन्दिर रोड, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुनः७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मिति २०८१/१२/०८ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना तथा मिति २०८२/०३/१२ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा १५ दिने लिलामी सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले ८ औं दिन (८ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०६/२९ गते बुधवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| |
|---|
| **१) ऋणीको नाम, ठेगाना** |
| **क**) प्रदेश उधोग ऐन, २०७७ बमोजिम मिती २०८१ साल असार महिना १६ गते रोज १ मा मधेश प्रदेश सरकार, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, उधोग विभाग, घरेलु तथा साना उधोग कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. उधोग दर्ता नं. १६७४८/०८०/०८१, अन्तर्गत दर्ता कायम भएको तथा धोबिनी गा.पा. ०५, पर्सा कार्यालय रहेको **आर्यन कोटेज ।** <br> **ख**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम ।** |
| **कर्जाको प्रकार:- व्यापारीक अधिविकर्ष कर्जा, व्यापारीक आवधिक कर्जा, घर कर्जा, आवधिक कर्जा** |
| **कर्जाको सुरक्षण विवरण:** |
| **क**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा लङ्गडी वडा नं.०२ स्थित रहेको किता नं **४६१** को जम्मा क्षेत्रफल क्रमश: **५०७.९५ वर्ग मिटर** को घरजग्गा । <br> **ख**) स्व. जुरवली मिया हजामको नाती, स्व. अजीज मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी, वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी, वडा नं.०५ बस्ने (ना.प्र.न. २७७०१८०३ मिति २०५२/०९/०४ जि.प्र.का. पर्सा) बर्ष ४९ को **सुकट मिया हजाम** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा धोवनी वा.नं.०३ स्थित किता नं **३४** को जम्मा क्षेत्रफल क्रमश **१६६.२५वर्ग मिटर** को घरजग्गा । <br> **ग**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पोखरिया वा.नं.०९ स्थित किता नं **५१** को जम्मा क्षेत्रफल क्रमश **३२५ वर्ग मिटर** को जग्गा । |
| **प्रोप्राईटर तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) जुरवली मिया हजामको नाती, अजीज मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ बस्ने (ना.प्र.न. २७७०१८०३ ,जारी मिति २०५२/०९/०४ जि.प्र.का. पर्सा) बर्ष ५० को **सुकट मिया हजाम।** <br> ख) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा जिल्ला पर्सा, धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४-०१-७४-०१९९४ जारी मिति २०७४/०२/११ जि.प्र.का. पर्सा)बर्ष २५ को साकिर मियाँ हजाम । <br> **ग**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.पा. धोबीनी, वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४-०१-७४-०११४२ जारी मिति २०७४/०१/२८ जि.प्र.का. पर्सा) बर्ष २७ को लाल महम्द मिया हजाम । <br> **घ**) स्व. अजिज मिया हजामकी बुहारी, सुकट मिया हजामकी पत्नी, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४३०२८/२०६,जारी मिति २०६४/०१/१० जि.प्र.का. पर्सा) बर्ष ४९ की आमना खातुन । <br> **ङ**) सुकट मिया हजामकी बुहारी, राज महमद मियाँ हजामकी पत्नी, जिल्ला पर्सा, जिल्ला पर्सा, गा.पा. धोबीनी, वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४-०१-७६-०६१५६,जारी मिति २०७६/०५/२५ जि.प्र.का. पर्सा) बर्ष ३३ की अैसा खातुन । <br> **च**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम ।** |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |
| पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना : <br> उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा. ०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्ती वा कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असोज २८ गते मंगलवार दिउँसो ४:०० बजे सम्म ।**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असोज २९ गते बुधवार दिउँसो ४:०० बजे देखि ।**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज, बदननगर (बिरगंज),
बरथवा, सर्लाही र बर्दिवास, महोत्तरी ।


# अदालतको काम कारबाही अविलम्ब सञ्चालन गर्ने माग

**काठमाडौँ ।**
नेपाल बार एशोसिएसनले सर्वोच्च अदालतलगायतका सम्पूर्ण अदालतका काम, कारबाही अविलम्ब नियमित रुपमा सञ्चालन गर्न माग गरेको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले आज प्रेस विज्ञप्ति जारी गर्दै सर्वोच्च अदालतलगायतका सम्पूर्ण अदालतको काम कारबाही सञ्चालन गर्न माग गरेको हो ।

'जनताको न्यायसम्बन्धी हकको प्रचलन कुनै पनि क्षण अवरुद्ध गर्न हुँदैन भन्ने हाम्रो स्पष्ट मान्यता छ', विज्ञप्तिमा भनिएको छ, 'न्यायपालिकाको सुधार न्यायपालिकाकै प्रतिवेदनले देखाएको छ, न्यायपालिकाको सुधार वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा भएर हुनुपर्ने जनाएको छ ।' बारको १६औँ अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनले न्यायपालिकाको पुनःसंरचनाको विषयमा आफ्नो धारणा स्पष्ट राखेको र वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

बारले स्वतन्त्र न्यायपालिकालाई भय र त्रासमा राखी निर्देशित न्यायलय सञ्चालन गर्ने कुचेष्टाप्रति भत्र्सना गर्दै स्वतन्त्र, सक्षम र उत्तरदायी न्यायपालिकाको मान्यता राख्ने यस उपर हुने कुनै पनि जोर जुलुम, जबर्जस्ती, हमला एवम् अवैधानिक गतिविधिको विरोध गर्ने जनाएको छ ।

'देश जतिसुकै कठिन मोडमा रहँदासमेत कानुनको शासनको आधारभूत मानकलाई बेवास्ता गर्न मिल्दैन', विज्ञप्तिमा भनिएको छ, 'स्वच्छ सुनुवाइसहितको मानव अधिकारको आधारभूत मापदण्डलाई पालना गर्नु राज्यको प्रथम दायित्व हो भन्ने स्मरण गराउन चाहन्छौँ ।'

बारले नेपाल प्रहरीको मनोबल खस्कने गरी भएका हर्कतप्रति सरकार गम्भीर हुनुपर्ने उल्लेख गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'दिगो शान्ति संवाद र सहकार्यबाट मात्र सम्भव छ, तसर्थ व्यापक संवाद गर्न नेपाल सरकारसमक्ष हामी अनुरोध गर्दछौं ।'

बारको भवन निर्माण गर्न सर्वोच्च अदालत परिसरभित्रै जग्गा उपलब्ध गराउन अनुरोध गर्दै यो विषयलाई उच्च प्राथमिकतामा राख्नुपर्ने माग गरेको छ ।रासस

# जनताका समस्या सम्बोधन गर्न निर्देशन

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले विद्युत् प्रणालीलाई अझ भरपर्दो, गुणस्तरीय, सुरक्षित र सेवाग्राहीमैत्री बनाउन निर्देशन दिएका छन् । विद्युत् आपूर्तिमा समस्या देखिन थालेको भनी देशका विभिन्न ठाउँबाट गुनासा आइरहेको भन्दै ऊर्जामन्त्री घिसिङले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा कार्यक्रमसहित आमजनताको माग सम्बोधन गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिएका हुन् ।

हालै आएको बाढी, पहिरोले क्षति पु¥याएका संरचनाहरूको तत्काल मर्मतसम्भार गरी विद्युत् सेवा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक समेत रहनुभएका ऊर्जामन्त्री घिसिङले भने, 'विद्युत् गृहहरूको पूर्ण उपयोग गरी प्रसारण लाइन तथा सबस्टेसनलाई पूर्ण क्षमतामा सञ्चालन गर्न, विद्युत् आपूर्तिका लागि महत्वपूर्ण मानिएका मस्र्याङ्दी करिडोरअन्तर्गतको २२० केभी, हेटौँडा–ढल्केबर ४०० केभी प्रसारण निर्माणमा विशेष ध्यान दिन तथा आगामी हिउँदयामको विद्युत् व्यवस्थापन गर्नेगरी योजनबद्ध रुपमा नीति तथा कार्यक्रम ल्याउन अब ढिलाइ गर्न भएन ।'

यसै सन्दर्भमा काठमाडौँको स्युचाटारस्थित विद्युत केन्द्रको अनुगमन गर्दै उहाँले मन्त्री देशभरका विद्युत् उत्पादन, प्रसारण र वितरण प्रणालीको अवस्था, ग्रिड सञ्चालन, विद्युत् माग तथा आपूर्ति व्यवस्थापन, विद्युत् निर्यात, बाढी पहिरोबाट क्षति भएका विद्युत् आयोजनालगायतका विषयमा जानकारी लिएका थिए ।

प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले विद्युत् उत्पादन, माग, आपूर्ति, निर्यात, प्रणाली सञ्चालनको अवस्था तथा समस्यालगायत विषयमा जानकारी गराउँदै चुस्तदुरुस्त विद्युत् व्यवस्थापनमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यकारी निर्देशक सिलवालले बाढी, पहिरोले क्षति पु¥याएका संरचना मर्मत गरी विद्युत् सेवा चालु गराउने गरी प्राविधिक जनशक्तिसहितको टोली तयारी अवस्थामा राखेको तथा मितव्ययी भई स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै आमजनता एवम् सेवाग्राहीको समस्या समाधन गर्ने पक्षमा प्राधिकरण परिवार प्रतिबद्ध रहेको स्पष्ट गरे ।रासस

# १० करोड बढीका भेडा तथा खसीबोकाको कारोबार

**जुम्ला ।**
जुम्लामा यसवर्षको दशैँमा १० करोड रुपैयाँ भन्दा बढीको भेडा, खसीबोकाको कारोबार भएको छ । सदरमुकाम खलङ्गा बजारलगायत यहाँका स्थानीय तहमा भएको खसी, बोका तथा भेडा खरिद बिक्रीबाट यसवर्ष १० करोड रुपैयाँ रकम बराबरको कारोबार भएको चन्दननाथ नगरपालिकाअन्तर्गत पशुपक्षी विकास शाखाका प्रमुख वीरबहादुर रावतले जानकारी दिए । उनले भने, 'कारोबार भएको उक्त रकममध्ये भेडातर्फ नौ करोड ३४ लाख ८८ हजार रुपैयाँ तथा ३७ लाख ४० हजार रुपैयाँ को खसी, बोका खरिद बिक्री भएको हो । चन्दननाथ नगरपालिकामा भने २६ लाख ७७ हजार रुपैयाँको राँगा, भैँसीसमेत कारोबार भएको छ ।'

यस वर्षको दशैँमा जुम्लामा पाँच हजार ८४३ वटा भेडा बिक्री भएको तथ्याङ्क छ ।

यसैगरी, २५६ खसी र ६३ राँगा, भैँसी खरिद बिक्री भएको छ । दशैँमा स्थानीय भेडाको अधिकतम मूल्य २३ हजार रुपैयाँ, न्यूनतम मूल्य नौ हजार रुपैयाँ र औसत मूल्य १६ हजार रुपैयाँ तोकिएको प्रमुख रावतले जानकारी दिए ।

त्यस्तै, खसीको अधिकतम मुल्य २२ हजार रुपैयाँ, न्यूनतम मुल्य आठ हजार र औसत मूल्य १५ हजार रुपैयाँ रहेको छ भने राँगो, भैँसीको अधिकतम मुल्य ६१ हजार रुपैयाँ, न्यूनतम मूल्य २४ हजार र औसत मूल्य ४२ हजार ५०० रुपैयाँ रहेको थियो ।

जुम्लामा मुगु, कालीकोट, दैलेख, बाजुरालगायत जिल्लाबाट खसी, भेडा, राँगा, भैँसी ल्याइएको थियो । गत वर्षको दशैँमा १६ करोड ३२ लाख ३१ हजार रुपैयाँ मूल्य बराबरका खसी, भेडा, राँगा, भैँसी खरिद बिक्री भएको चन्दननाथ नगरपालिका पशुपक्षी विकास शाखाले जनाएको छ ।

गत वर्षभन्दा यो वर्ष भेडा र खसीको मूल्य औसत रुपमा ३० प्रतिशतले घटेको यहाँका स्थानीय व्यापारी बताउछन् । विसं २०६८ देखि तिब्बती भेडाच्याङ्ग्रा ल्याउन छाडेपछि यहाँ जुम्ली भेडा, खसीबोका मात्रै बिक्रीवितरण हुने गरेका छन् । स्थानीय पशु अस्पताल तथा पशुसेवा कार्यालयका अनुसार जुम्लामा ८८ हजार भेडा रहेका छन् ।रासस

# पाँचकिलोमा बस दुर्घटना, २० जना घाइते

**सिन्धुपाल्चोक ।**
सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका–७ पाँचकिलोस्थित जिरी–खाडिचौर सडकखण्डमा बस दुर्घटना हुँदा तीन जना नाबालकसहित २० जना घाइते भएका छन् ।

रामेछापबाट चरिकोट हुँदै काठमाडौँतर्फ जाँदै गरेको बा प्र ०३–००१ ख २५२१ नम्बरको बस अनियन्त्रित भई सडकको भित्तामा ठोक्किएर मङ्गलबार साँझ दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनाको खबर पाएपछि प्रहरीचौकी लामोसाँघुबाट प्रहरी नायब निरीक्षक अशोक महतोको कमाण्डमा सात जनाको टोली घटनास्थलमा पुगेर घाइतेहरूको उद्धार गरेको थियो । उद्धारपछि सबै घाइतेलाई उपचारका लागि सिन्धु सदाबहार अस्पताल खाडीचौर पठाइएको छ । हालसम्म बसमा सवार यात्रुको सङ्ख्या यकिन भएको छैन ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक माधवराज खरेलले सबै घाइतेहरूको अवस्था सामान्य रहेको जानकारी दिए ।रासस

# करार र ज्यालादारी कर्मचारीद्वारा तलब बक्यौता भुक्तानी माग

**आरके श्रीवास्तव**
**रौतहट ।**

कटहरिया नगरपालिकामा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीले लामो समयदेखि तलब भत्ता नपाएको भन्दै आन्दोलनको चेतावनी दिएका छन् । नगरपालिकाको वडा नं. १ देखि ९ सम्म कार्यरत करार र ज्यालादारी कर्मचारीले कार्यालयमा ज्ञापनपत्र बुझाउँदै बक्यौता तलब तथा सेवा सुविधा तुरुन्त भुक्तानी गर्न माग गरेका छन् ।

ज्ञापनपत्रमा उल्लेख भएअनुसार कर्मचारीहरूले पटकपटक मौखिकरूपमा तलब भुक्तानी माग गरे पनि नगरपालिकाले आश्वासन मात्र दिँदै आएको र समस्याको समाधान नभएको गुनासो गरेका छन् ।



उनीहरूले असोज २० गते बसेको बैठकको निर्णय पनि पेश गर्दै अब आफूहरू बाध्य भएर आन्दोलनमा जानु परेको बताएका छन् ।

आन्दोलनका कार्यक्रम अन्तर्गत शान्तिपूर्ण धारणा र वडा तथा नगरपालिका कार्यालय बन्द गरिने उल्लेख गरिएको छ ।

यसैबीच, कटहरिया नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामनरेश यादवले कार्यालय प्रमुख गणेश नेपाली बिदामा रहेकाले आगामी आइतबार कार्यालय खुलेपछि यस विषयमा निर्णय लिइने प्रतिक्रिया दिए । यादवले आफू तलब भुक्तानीको पक्षमा रहेको स्पष्ट पार्दै, करार तथा ज्यालादारी कर्मचारीहरूको समस्या समाधान हुनुपर्नेमा जोड दिए ।

ज्ञापनपत्र बुझाउनेहरूमा करार कर्मचारी मुकेश कुशवाहा, मुकुन्द यादव सहित तीन दर्जनभन्दा बढी कर्मचारी सहभागी थिए । तलब भत्ता बक्यौताको विषयले स्थानीय प्रशासन र जनप्रतिनिधिको ध्यान खिच्ने अपेक्षा गरिएको छ । यदि शीघ्र समाधान नभए थप आन्दोलन चर्किने संकेत कर्मचारीहरूले दिएका छन् ।



**जलमग्न जलेश्वरः** महोत्तरी सदरमुकाम जलेश्वर नगरपालिका–१ मा व्यवस्थित ढलको निकास नभएका कारण आइतबार र सोमबार परेको पानीले जलमग्न भएको जलेश्वर नगरपालिका कार्यालय । तस्बिरः रासस

# हर्नहिया–सोनरनिया–जयनगर कलैया सडक सञ्चालनमा

**मधेशदृष्टि**
**रौतहट ।**

अविरल वर्षासँगै लालबकैया नदीमा आएको बाढीले सोनरनिया गाउँ छेउ जयनगर–कलैया मुख्य सडकमा क्षति पु¥याएपछि अवरुद्ध भएको यातायात मंगलबारबाट पुनः सञ्चालनमा आएको छ ।

आइतबार राति आएको बाढीले सोनरनिया गाउँभन्दा पश्चिमतर्फ जयनगर–कलैया सडकखण्डमा करिब ६–७ फिट कालोपत्रे सडक बगाएपछि सडक आवागमन पूर्ण रूपमा रोकिएको थियो । सडक अवरुद्ध भएपछि चारचक्के सवारी साधनलाई करिब १० किलोमिटर लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता बनेको थियो ।

सोमबार स्थानीय बासिन्दाले अस्थायी रूपमा बाँसको लच्का बिछ्याएर साइकल र मोटरसाइकल चल्न सक्ने अवस्था बनाएका थिए ।


तर भारी सवारी आवतजावत सुचारु हुन सकेको थिएन ।

मंगलबार मौलापुर नगरपालिकाको सक्रियतामा जेसिभी प्रयोग गरी सडकमा माटो पुरी आवागमन सहज बनाइएको हो । नगर प्रमुख रिना कुमारी साहले नगरपालिकाले तत्कालिक राहतस्वरूप माटो पुरी सडक सञ्चालन गराएको जानकारी दिइन् ।









सडकखण्डबाट दैनिक रूपमा सर्लाही र रौतहटतर्फका सैयौँ सवारी साधन कलैया–वीरगंज आवतजावत गर्दै आएका छन् । सडक सञ्चालनमा आएपछि स्थानीय तथा यात्रीले राहत महसुस गरेका छन् । यसैबीच, आमजनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सडक पुनः सञ्चालनका लागि सक्रियता देखाउने सोनरनियाबासीलाई सामाजिक सञ्जाल फेसबुकमार्फत धन्यवाद व्यक्त गरेका छन् ।

# राष्ट्रपति पुरस्कारबाट सम्मानित भए आलोक

**मधेशदृष्टि**
**रौतहट ।**

देवभूमि उत्तराखण्डस्थित देवसंस्कृति विश्वविद्यालय (देसंविवि) का विद्यार्थी आलोक कुमार पाण्डेलाई नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित भव्य समारोहमा 'माय भारत–राष्ट्रिय सेवा योजना (एनएसएस) राष्ट्रपति पुरस्कार २०२२–२३' बाट सम्मानित गरिएको छ । राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आलोकलाई यो सम्मान प्रदान गरिन् । यो उल्लेखनीय उपलब्धिपछि विश्वविद्यालयका अभिभावकद्वय श्रद्धेय डा. प्रणव पण्ड्या र श्रद्धेया शैलदीदी, कुलपति श्री शरद पारधी, कुलसचिव श्री बलदाऊलगायत विश्वविद्यालय परिवारले आलोकलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका । आलोक पाण्डेले आफ्नो एनएसएस कार्यकालमा डिजिटल साक्षरता, उज्ज्वला योजना, प्रधानमन्त्री जीवन बीमा योजना, डिजिटल इन्डिया जस्ता जनकल्याणकारी अभियानलाई प्रवद्र्धन गर्न तथा समाजमा जनचेतना फैलाउन महत्वपूर्ण योगदान पु¥याएका थिए । साथै, उनले जल संरक्षण (आकल प्रयोग), प्लास्टिकमुक्त भारत, स्वच्छता अभियान जस्ता अभियानलाई सक्रिय नेतृत्व प्रदान गरेका थिए ।



आलोकले अहिलेसम्म ७ सय १० बिरुवा रोपेर वातावरण संरक्षणमा सराहनीय योगदान दिएका छन् ।

उनले विभिन्न रक्तदान शिविर आयोजना गरी समाजमा रक्तदानको महत्वबारे जनचेतना जगाएका छन् र स्वयम् पनि ५ पटक रक्तदान गरी सेवाको आदर्श प्रस्तुत गरेका छन् ।

यस अवसरमा देसंविवि का प्रतिकुलपति तथा युवा आइकन डा. चिन्मय पण्ड्याले भने, 'आलोक पाण्डेले एनएसएसमा निःस्वार्थ सेवा, अनुशासन र समर्पणमार्फत देवसंस्कृति विश्वविद्यालयका मूल्य र आदर्शलाई उजागर गरेका छन् । यो उपलब्धि युवा पुस्ताका लागि प्रेरणाको स्रोत बन्नेछ ।'

त्यसैगरी, विश्वविद्यालयका एनएसएस संयोजक डा. उमाकान्त इन्दोलियाले भने, 'यो पुरस्कार विश्वविद्यालयका लागि गर्वको विषय हो । यसले सबै स्वयम्सेवकलाई अझ निष्ठा र समर्पणका साथ समाजसेवामा योगदान दिन प्रेरित गर्नेछ ।'

राष्ट्रपति पुरस्कार प्राप्त गर्दै आलोक पाण्डेले देसंविविको गौरव उच्च बनाएका छन् र समाजसेवामा युवापुस्ताका लागि नयाँ प्रेरणादायी आदर्श स्थापना गरेका छन् ।

# भेटियो दुवै बालिकाको शव



**मधेशदृष्टि**
**रौतहट ।**

देवाही गोनाही नगरपालिका–६ मा मङ्गलबार दुई बालिकाको शव भेटिएको छ । खेतको पानी बग्ने भँगालोमा मङ्गलबार दुई बालिकाको शव फेला परेको हो । देवाही गोनाही नगरपालिका–६ का रामदयाल रामकी १२ वर्षीया छोरी आरती कुमारी र शिवधारी रामकी ११ वर्षीया छोरी अन्तिमा कुमारी मृत फेला परेको जिल्ला प्रहरीले कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक राजु कार्कीले जानकारी दिए ।

सोमबार पानीमा नुहाउने क्रममा पानीमा डुबेर आरती र अन्तिमा हराएका थिए । सोमबार घटना भएको जानकारी पाएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली उद्धारका लागि खटिएको थियो ।

# ७५ बाढीपीडितलाई राहत

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पोखरिया नगरपालिका वडा नम्बर ५ सतवरियामा रहेको दलित बस्तीका ७५ जना बाढी पीडितको घर परिवारलाई राहत सामग्री वितरण गरिएको छ । बाढी पीडितलाई नगरपालिकाले राहत वितरण गरेको पोखरिया नगरपालिकाको नगर प्रमुख प्रद्युमन प्रसाद चौहानले बताए । कार्यक्रम वडा नम्बर ५ को वडा अध्यक्ष महेन्द्र महतो चाईको अध्यक्षतामा भएको हो ।

बाढीपीडितलाई राहत वितरण

यस्तै बारामा बाढीबाट प्रभावित बालबालिका र परिवारका लागि अच्युत प्रावि, महागढीमाई नगरपालिका वडा नं. २ मा राहत सामाग्री वितरण भएको छ । कार्यक्रम सेभ द चिल्ड्रेनको आर्थिक सहयोग, जन जागरण युवा क्लब, बाराको सहजीकरण तथा महागढीमाई, करैयामाई र देवताल गाउँपालिकाहरूको सहकार्यमा सञ्चालन गरिएको थियो । कार्यक्रम अन्तर्गत तीनवटै पालिकाका बाढी प्रभावित ८७ घरधुरीलाई सोमबार राहत सामग्री वितरण गरिएको छ । महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादवले एकजनालाई राहत वितरण गर्दै कार्यक्रमको शुरुवात गरे ।

# मोटरसाइकल दुर्घटनामा मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पोखरिया लंगडी सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । धोबिनी गाउँपालिका–५ भीखमपुरका अन्दाजी ४३ वर्षीय दिनेश पटेल कुर्मीको मृत्यु भएको हो । पोखरिया नगरपालिका–३ बसतपुरमा सोमबार राति १०:३० बजेतिर मधेश प्रदेश ०२८ प ३७०१ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भई दुर्घटनामा पर्दा चालक कुर्मी गम्भीर घाइते भएका थिए । उनको बाराको नौतनस्थित एलएस न्यूरो हस्पिटलमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । सोमबारराति साथीको मोटरसाइकल मागेर कुर्मी पेट्रोल लिन पोखरिया बजार आउने क्रममा दुर्घटनामा परेको उनका परिवारजनले जनाए ।


## Vacancy Announcement

Corporate Development Bank Ltd. Only one Development Bank in Madhesh Pradesh, Head quarter in Birgunj, is seeking dynamic, energetic, dedicated and result oriented personalities from Nepalese citizenship for different capacities as follows:

1. **Branch Managers For Branches- (Jr. Officer/Officer level)**
   **Education Qualification:** Minimum Bachelor's degree in Business Administration, Finance, **Economic & related fields.**
2. **Head AML/CFT/Internal Audit/Compliance For– Head Office (Jr. Officer/Officer level)**
   **Education Qualification:** Minimum Bachelor's degree in Business Administration, Finance, Economic & related fields. Semi qualified /qualified Chartered Accountant shall be preferable.
3. **Head Finance & Planning For - Head Office (Jr. Officer/Officer level)1**
   **Education Qualification:** Minimum Bachelor's degree in Business Administration, Finance, Economic & related fields. Semi qualified /qualified Chartered Accountant shall be preferable.
4. **Information Technology (IT) For –Head Office ( Assistant To Officer level)**
   **Education Qualification:** Minimum Bachelor's degree in Information Technology. Candidate familiar in Database, **Pumari Software**, Computer Hardware and Software, Computer Networks, Data Analysis is given Priority :
   **Experience:** A minimum 5 years for Officer Level and Assistant (Minimum 2 years) in banking in related field with NRB licence BFI's.
   **Selection Pattern:** Shortlisted & Interview for above officer and Written test & Interview assistant level.
   **Other Information:**
   - Eligible Candidates are requested to submit their handwritten applications along with Bio-data, PP size photograph, Citizenship, Academic Certifications, Work experience & other related documents supporting for bio-data on & submit before the close of office hour dated 22 October, 2025 to hr@corporatebank.com.np . All Candidates should have good communications skill both on Nepali and English.
   - Only shortlisted candidates will be called for further selection process. No Telephone/Email/SMS queries shall be entertained.
   - The Bank reserves the right to reject or accept any/all applications without assigning reasons what so ever.

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
First choice - financial Friend

**Head Office:** Geeta Mandir Road, Birgunj, Parsa
Tel.:051-531031, Fax: 00977-51-527843
E-mail: info@corporatebank.com.np
Website: www.corporatebank.com.np

सम्पादकीय

# १०१ कोसेली अर्पणः ११५ वर्षदेखि चलिआएको परम्परा

जनकपुरधामस्थित जानकी मन्दिरमा १०१ कोसेली (भार) ल्याइएको छ। महोत्तरीको रतौली गाउँबाट जानकी मन्दिरमा परम्परागत रूपमा ल्याइने १०१ कोसेली यसवर्ष पनि अर्पण गरिएको हो। सैयौँ वर्षदेखि निरन्तर चलिआएको यस धार्मिक परम्पराअनुसार, रतौलीवासीले विविध पूजा सामग्रीसहितको भार मन्दिर ल्याए। धार्मिक विश्वासअनुसार, पूर्णिमाको राति देवी लक्ष्मीले जाग्राम बसेका भक्तजनलाई धन र समृद्धिको वर्षा गर्छिन्। त्यसैले यो रातलाई 'अमृत वर्षा' रातका रूपमा लिने गरिन्छ। रतौलीबाट ल्याइएको भार जानकी मन्दिरको विशेष पूजामा समर्पित गरिन्छ। जुन जानकी र रामप्रति भक्तिको प्रतीकका रुपमा लिइन्छ।

रतौलीका स्व महेन्द्रप्रसाद ठाकुरको घरबाट मन्दिरमा ल्याइएको भारबाटै भगवान सीतारामको चुमाओन गर्ने परम्परा छ। भारमा पान, मखान, लड्डु, खाजा, चामल, दाल तरकारी, भगवान् राम र माता जानकीको कपडा ल्याइन्छ। यो परम्परा सैयौँ सालदेखि चल्दै आएको परम्परा हो। भारमा पान, मखन, फलफूल, दही, मिठाइ, सौँफ, मुमफली अनिवार्य हुन्छ भने बेहुलासहित उनको परिवारका हरेक महिला सदस्यका लागि कपडा लग्नुपर्ने हुन्छ। बेहुलीको घरबाट बेहुलाको घरमा भार आएपछि बेहुलालाई चुमाउने गरिन्छ। अर्थात् चुमाओन गरिन्छ। पुरोहितले मन्त्रोच्चारण गर्दै बेहुलालाई चुमाएपछि ठूलाबडाले आशीर्वाद दिने गर्छन्। यस दिन बेहुलालाई मिथिलाको पाग लगाइ ससुरालीबाट आउने कपडा पहिराउने गरिन्छ।

यो दिन खानपिनपछि कौडासहित पचिसी खेल्ने चलन छ। आठ कौडीहरू र सोह गोटीद्वारा पासाका चौसट्ठी बेहुला र बेहुलीका दाजु वा भाइबीच खेलिन्छ। बेहुली पक्षबाट यस दिन भारका साथै अन्य सामान दिने चलन छ। आभूषण, औँठी, छाता, घडी पनि बेहुला पक्षलाई बेहुली पक्षले दिनुपर्ने हुन्छ। यसदिन छोरीको विवाह गर्दा प्रतिबद्धता गरेअनुसार बाँकी दाइजो दिने चलन छ। यसदिन बेहुली पक्षबाट कम्तीमा पाँच देखि ११ वा १५ जनासम्म भार लिएर आउने गर्छन्। क्षमता हुनेले सय वटासम्म र नहुनेले कम्तीमा ११ वटासम्म भार पठाउनुपर्ने हुन्छ। यो परम्परा विगत ११५ वर्षदेखि चल्दै आएको बताइन्छ।

# डिप स्टेटको प्रभाव रोक्न दलभित्रै सुधार आवश्यक

केशव भट्टराई

नेपालको राजनीति लामो समयदेखि अस्थिरता, भ्रष्टाचार र भूराजनीतिक दबाबबीच घुमिरहेको छ। संविधान, लोकतान्त्रिक संस्थाहरू र सुरक्षा निकायहरूको अस्तित्व भए तापनि देश लगातार डिप स्टेटको प्रयोगशालामा परिणत हुँदै आएको छ। भाद्र अन्तिम हप्ताको जेन्जी आन्दोलनले यही अस्थिरता र संवेदनशीलतालाई उजागर गर्‍यो।

प्रारम्भमा यो आन्दोलन युवा विद्यार्थी र नवयुवाको शान्तिपूर्ण विरोध थियो, जसले भ्रष्टाचार, बेरोजगारी र सामाजिक अन्यायको विरुद्ध आवाज उठाए। तर, सडक संघर्षको पहिलो दिन अर्थात् भाद्र २३ गते नै आन्दोलन हिंसात्मक बन्यो। यस क्रममा हालसम्म ७६ जनाको ज्यान गयो र ऐतिहासिक सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, शीतल निवास, व्यापारिक कम्प्लेक्स, निजी आवास लगायत खरबौँ मूल्य बराबरको सम्पत्ति नष्ट भयो।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले आन्दोलन दमन गर्दै २१ जनाको हत्या गरेको आरोप छ। त्यसको अनुसन्धानका लागि गठित जेन्जी आन्दोलन जाँचबुझ आयोगले ओली, गृहमन्त्री रमेश लेखकसहित ५ उच्च पदस्थको राहदानी रोक्का गरेको छ र काठमाडौं उपत्यका छाड्न अनुमति लिनुपर्ने व्यवस्था गरेको छ।

तर, २४ गतेको लुटपाट, आगजनी, चोरी र हत्या गर्नेहरूलाई कारबाही दायरामा नल्याउन गृहमन्त्री ओम प्रकाश अर्यालले निर्देशन दिएपछि नागरिकमा असुरक्षा र आक्रोश बढेको छ। युवा अगुवा सुधन गुरुङका विवादास्पद अभिव्यक्तिले पनि लोकतन्त्रको परिकल्पना र भविष्यप्रति गम्भीर संशय उत्पन्न गरेको छ। या उनको पछि कुन शक्ति छ जसले सुधनलाई यी अभिव्यक्ति दिन प्रेरणा दिइरहेको छ, प्रश्न उठेका छन्।

कठिन परिस्थितिमा समाधान दलहरूको आन्तरिक सुधारमा मात्र सम्भव छ। आन्तरिक लोकतन्त्र अपनाएर नेतृत्व चयनमा पारदर्शिता र प्रतिस्पर्धा सुनिश्चित गर्नुपर्छ। नीति निर्माण र नेतृत्वमा नयाँ पुस्तालाई पर्याप्त अवसर दिनु आवश्यक छ। गल्तीको जबाफदेहिता कायम गर्नुपर्छ र विदेश नीति सन्तुलित राखेर सबै भूराजनीतिक प्रभाव व्यवस्थापन गर्नुपर्छ।

नेपालका ठूला दलहरूले युवालाई नेतृत्व र नीति निर्माणमा पर्याप्त अवसर दिन सकेका छैनन्। भ्रष्टाचार, गुटबन्दी, व्यक्तिगत स्वार्थ र असंलग्न नीति–निर्माणले युवाको विश्वास घटाएको छ। यसै कारण युवा आन्दोलन हिंसात्मक बनेको छ। नेकपा एमालेका महासचिव शंकर पोखरेलले स्पष्ट गरेका छन् कि हाम्रो देश भूराजनीतिक द्वन्द्वको चपेटामा परेको छ र राष्ट्रिय शक्तिलाई कमजोर बनाउने खेलबाट हामी आफैँलाई जोगाउन सकेनौँ। हाम्रो देश वैध सत्तालाई कमजोर बनाउने डिप स्टेटको प्रयोगशालामा परिणत भएको छ। उनले थपेका छन् कि लोकतन्त्र, बहुलवाद, समावेशीता, स्वाधीनता र स्वाभिमानको बाटोबाट पछि धकेलिँदैन।

विश्व सन्दर्भमा डिप स्टेटको अवधारणा स्पष्ट देखिन्छ। टर्कीमा सन् १९६० देखि सेना र गुप्तचर निकायले निर्वाचित सरकारलाई पटक–पटक उल्टाएका थिए। अमेरिकामा पेन्टागन, सीआईए र ठूला बहुराष्ट्रिय कम्पनीहरू राजनीतिक निर्णयमा प्रभावकारी रहेको आलोचकहरूले भन्छन्। भारत र चीनले नेपालमा सरकार गठनदेखि ठूला ठेक्का, ऊर्जा, इन्टरनेट र पूर्वाधार निर्माणसम्म निर्णायक भूमिका खेलेका छन्।

कतिपयले भन्छन्– नेपाल अहिले 'प्रयोगशाला' बनेको छ, जहाँ छिमेकीहरूले आफ्ना रणनीतिक स्वार्थ जाँचिरहेका छन्। संविधानले सेना प्रत्यक्ष राजनीतिमा नखेल्ने प्रावधान राखे पनि, अस्थिर सरकार वा राष्ट्रिय सुरक्षामा प्रश्न उठ्दा सेना र गुप्तचर निकायले निर्णयमा ठूलो प्रभाव पार्ने गर्छ।

नेपालमा डिप स्टेटले सरकार वा दलभन्दा बाहिर रहेर निर्णयमा प्रभाव पार्ने शक्ति–केन्द्रलाई जनाउँछ। पञ्चायतकालमा राजदरबार, सेना र गुप्तचर निकायले वास्तविक शक्ति चलाउँथे। १९९० को प्रजातन्त्रपछि बहुदलीय व्यवस्था आए पनि, सेना, प्रशासन र भारतीय प्रभावलाई डिप स्टेटको रूपमा आरोप लगाइन्थ्यो।

२०६२–६३ को जनआन्दोलनपछि राजतन्त्र हटाइए पनि अदृश्य शक्ति संरचना समाप्त भएन। अहिले पनि कतिपय नेताहरू भन्छन्, 'निर्वाचित संसद् र सरकारभन्दा बाहिर कतिपय शक्ति–केन्द्रले निर्णय गराइरहेका छन्।' यही कारणले नेपाल डिप स्टेटको प्रयोगशालामा परिणत भएको छ।

नेपालमा डिप स्टेटको प्रभाव केबल आन्तरिक नभई भूराजनीतिक दबाबसँग पनि जोडिएको छ। अमेरिका एमसीसी परियोजना, रणनीतिक साझेदारी र लोकतन्त्रको नाममा दबाब दिने काममा संलग्न छ भने भारत नेपालमा सरकार गठनदेखि नीति निर्माणसम्म निर्णायक भूमिका खेलिरहेको छ।

युरोपियन युनियन लोकतन्त्र, मानव अधिकार र नागरिक स्वतन्त्रताको क्षेत्रमा प्रभाव राख्छ। चीन भने सुस्त प्रतिक्रिया, वीआरआई परियोजना तथा अन्य सन्तुलित संलग्नता प्रदर्शन गर्दै आएको छ। यी सबै दबाबले राजनीतिक दलहरूलाई विभाजित बनाउँछन् र डिप स्टेटको प्रभाव अझ सशक्त बनाउँछन्।

विश्वका उदाहरणहरू हेर्दा, बङ्गलादेशमा युवा आन्दोलनले लोकतन्त्रलाई जर्जर बनाएको छ भने श्रीलङ्का र अफगानिस्तानमा नागरिक सरकार अपदस्थ भएका थिए। भारतको लद्दाखमा छुट्टै राज्यको माग गर्दै सडक आन्दोलन उठेको थियो। यी घटनाले देखाउँछन् कि नव–साम्राज्यवाद, डिजिटल साम्राज्यवाद लगायत विभिन्न माध्यमबाट गरिब तथा अविकसित राष्ट्रमा सजिलै प्रभाव जमाउन सक्ने खतरा छ।

वि.सं.२०१७, २०५१, २०७७, २०८२ सालका सबै सरकारहरू कुनै न कुनै रूपमा आन्तरिक रूपमा कमजोर रहँदै पतन भए। २०३१ साल र २०८२ सालमा सिंहदरबार जल्नुमा एकै किसिमको नियति तथा कतै अन्तर्राष्ट्रिय हात त छैनन् प्रशस्त प्रश्न उठेका छन्।

जेन्जी आन्दोलनमा नेपाल सेनाको भूमिका पनि विवादास्पद रह्यो। ऐतिहासिक सिंहदरबार, सर्वोच्च अदालत, शीतल निवास लगायतको सुरक्षा जिम्मेवारीमा सेनालाई मूकदर्शक बनेको आरोप नागरिकहरूले लगाएका छन्। उच्च पदस्थ कर्मचारीहरू राजनीतिक दबाब र व्यक्तिगत स्वार्थमा लिप्त रहे, जसले प्रशासनिक निष्क्रियता र निर्णयमा ढिलाइ ल्यायो।

२०६२–६३ को जनआन्दोलनपछि राजतन्त्र हटाइए पनि अदृश्य शक्ति संरचना समाप्त भएन। अहिले पनि कतिपय नेताहरू भन्छन्, 'निर्वाचित संसद् र सरकारभन्दा बाहिर कतिपय शक्ति–केन्द्रले निर्णय गराइरहेका छन्।' यही कारणले नेपाल डिप स्टेटको प्रयोगशालामा परिणत भएको छ।

बारबरा फाउन्डेसन, हामी नेपाल जस्ता संस्थामा संलग्नता र षड्यन्त्रका संकेत पनि बाहिर आएका छन्। काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले सिंहदरबार जलेको बेला दमकल नपठाएको भन्दै आलोचना खेप्नु परेको छ।

जेन्जी आन्दोलनको उद्देश्य सरकारलाई झकझकाउने मात्र भएको भए पनि निराशा र असन्तोषमा संगठित युवाले देशै जलाउनेसम्मको कदम चालिसक्दा यसको गम्भीरता स्पष्ट हुन्छ। कलिला युवालाई विभिन्न संघसंस्थाले स्वार्थका लागि प्रयोग गर्ने खतरा पनि रहन्छ। दलहरूमा नेतृत्व केवल थोरै व्यक्तिको वरिपरि केन्द्रित रहँदा युवा र इमानदार कार्यकर्ता अन्यत्र सर्न बाध्य हुन्छन्।

यसैबीच, दलहरूले आन्तरिक छलफल, आन्दोलन समीक्षा र केन्द्रीय कमिटीको बैठकमा केन्द्रित देखिनु सकारात्मक संकेत हो। तर, यसले पुरानो नेतृत्वको कार्यशैली, कार्यनीति र नेतृत्व निरन्तरतामा प्रश्न उठाउनेछ र यसको उपादेयता पनि सोधिनेछ। यदि केवल परम्परागत संरचना कायम रह्यो भने, युवा नेतृत्वको अवसर सीमित रहिरहनेछ र आन्दोलनको असन्तोष फेरि उर्लिन सक्ने खतरा रहिरहनेछ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भूपरिवेष्टित राज्यलाई भुजडित राज्यमा स्थापित गरी उत्तरी छिमेकी चीनसँगको सम्बन्धमा सुधार गर्दै केही महत्त्वपूर्ण ऐतिहासिक परियोजना अगाडि बढाउन सफल भए पनि अर्को महत्त्वपूर्ण छिमेकी मुलुक भारतसँगको सम्बन्ध प्रगाढ बनाउन पार्टीका भारत प्रवासलगायत विविध संयन्त्रलाई प्रभावकारी ढंगले उपयोग गर्नमा असफल देखिए।

यस कठिन परिस्थितिमा समाधान दलहरूको आन्तरिक सुधारमा मात्र सम्भव छ। आन्तरिक लोकतन्त्र अपनाएर नेतृत्व चयनमा पारदर्शिता र प्रतिस्पर्धा सुनिश्चित गर्नुपर्छ। नीति निर्माण र नेतृत्वमा नयाँ पुस्तालाई पर्याप्त अवसर दिनु आवश्यक छ। पुरानो नेतृत्वले क्रमशः आफ्नो उत्तराधिकारी तयार गर्न सहज मञ्च (प्ल्याटफर्म) बनाउन जरुरी छ। विधानमा भएका व्यवस्था अक्षरसः पालना भए ८० प्रतिशत भन्दा बढी लाभदायक हुने अनुसन्धानले बताएका छन्।

जेन्जी आन्दोलन जाँचबुझ आयोगले ओली, गृहमन्त्री रमेश लेखकसहित ५ उच्च पदस्थको राहदानी रोक्का गरेको छ र काठमाडौं उपत्यका छाड्न अनुमति लिनुपर्ने व्यवस्था गरेको छ। तर, २४ गतेको लुटपाट, आगजनी, चोरी र हत्या गर्नेहरूलाई कारबाही दायरामा नल्याउन गृहमन्त्री ओम प्रकाश अर्यालले निर्देशन दिएपछि नागरिकमा असुरक्षा र आक्रोश बढेको छ।

गल्तीको जबाफदेहिता कायम गर्नुपर्छ र विदेश नीति सन्तुलित राखेर अमेरिका, भारत, युरोपियन युनियन र चीनको प्रभाव व्यवस्थापन गर्नुपर्छ। उच्च पदस्थ कर्मचारी र सुरक्षा निकाय पारदर्शी र जबाफदेही हुनुपर्छ। नागरिक समाजले निगरानी र सुझावको भूमिका निभाउनुपर्छ र नागरिकको सुरक्षा सुनिश्चित गर्न अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीले पारदर्शीताका साथ काम गर्न आवश्यक छ।

युवापुस्ताको दृष्टिमा दलहरूले पुरानो ढाँचामा अड्किएका छन्, नेताहरू भ्रष्ट र स्वार्थी छन्, निर्णय पारदर्शी छैन। जब दलले विश्वास जित्दैनन्, तब युवाहरू डिप स्टेट वा बाहिरी शक्ति–केन्द्रको प्रभावमा पर्न सजिलो हुन्छ। सोभियत संघका अन्तिम नेता मिखाइल गोर्भाचोभले सुधारको नीति ल्याउँदा भनेका थिए ः 'यदि दलभित्र सुधार भएन भने, देशले स्थायित्व पाउँदैन।' उनले कम्युनिस्ट पार्टीलाई खुला बहस, पारदर्शिता र प्रतिस्पर्धामुखी बनाउन खोजे, तर आन्तरिक प्रतिरोधका कारण सुधार अधुरै रह्यो। अन्ततः सोभियत संघ नै विघटन भयो।

यस कठिन परिस्थितिमा समाधान दलहरूको आन्तरिक सुधारमा मात्र सम्भव छ। आन्तरिक लोकतन्त्र अपनाएर नेतृत्व चयनमा पारदर्शिता र प्रतिस्पर्धा सुनिश्चित गर्नुपर्छ। नीति निर्माण र नेतृत्वमा नयाँ पुस्तालाई पर्याप्त अवसर दिनु आवश्यक छ। गल्तीको जबाफदेहिता कायम गर्नुपर्छ र विदेश नीति सन्तुलित राखेर सबै भूराजनीतिक प्रभाव व्यवस्थापन गर्नुपर्छ।

यी सुधारहरू अपनाए मात्र डिप स्टेटको प्रभाव घटाउन सकिन्छ र नेपाल फेरि स्थिर लोकतन्त्रको बाटोतर्फ फर्कन सक्छ। लोकतन्त्रको विकल्प केवल उन्नत लोकतन्त्र हो, जसले नवयुवाको विश्वास जित्छ, दलहरूलाई निर्णायक राष्ट्रिय शक्ति निर्माणमा सक्षम बनाउँछ र नेपाली विशेषतामा आधारित समाजवाद निर्माणको दिशामा अघि बढाउँछ।

भाद्र अन्तिम हप्ताको जेन्जी आन्दोलनले देखाएको अस्थिरता, दल कमजोरी, प्रशासनिक निष्क्रियता, नेतृत्वको उपादेयता र भूराजनीतिक दबाबको संयुक्त प्रभावलाई सम्बोधन गरेर मात्र नेपालले आफ्नो लोकतान्त्रिक यात्रा मजबुत बनाउन सक्छ। यसरी स्पष्ट हुन्छ कि दलहरूको आन्तरिक सुधारमात्र डिप स्टेटको प्रभाव घटाउने एकमात्र विकल्प हो।

# एक वर्षमै थिलथिलियो बिपी राजमार्ग

राजकुमार पराजुली

सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एकमात्र वैकल्पिक र अत्यन्त महत्वपूर्ण सडक मार्ग हो बिपी राजमार्ग। गत वर्षको बाढी, पहिरोबाट क्षत्विक्षत बनेको राजमार्ग अस्थायी ढङ्गबाट निर्माण गरी यातायात सञ्चालन हुँदै आएकामा यही असोज १८ र १९ गतेको बाढीपहिरोले पुनःथिलथिलो बनेको छ। राजमार्गको मध्यक्षेत्र अर्थात् काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षत्विक्षत भएपछि हाल यस राजमार्गको सडक सम्पर्कविच्छेद भएको छ।

वर्षायाममा केही भागमा क्षति पुर्‍याए पनि अघिल्लो साताको अविरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाएको हो। यस वर्ष पनि असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसानै मेटिनेगरी, पैदलसमेत हिँड्न नसक्ने गरी बाढीपहिरोले तहसनहस बनाइदियो।

गत साल असोजमा क्षत्विक्षत राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिए पनि स्थायी बनाउने प्रक्रियामै रहेकाबेला राजमार्ग पुनःथिलथिलो बनेको छ। डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार बाढीले करिब चार किलोमिटर सडक बगाएको छ।

पुनःअस्थायी डाइभर्सन बनाउन काम थालिएको कार्यालयको इञ्जिनियर विन्दु अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार अहिलेको बाढीले गत सालको बाढी पहिरोपछि बनाइएको डाइभर्सन पूर्ण रुपमा कटान गरेको छ। विसं २०७२ को विनाशकारी भूकम्पले केही सडकखण्ड क्षतिग्रस्त बनाएको थियो भने केही सडकखण्ड जोखिमकै अवस्थामा रहेका थिए। राजमार्ग जापान सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा धुलिखेल–सिन्धुली–बर्दिबास १६० किलोमिटर लामो राजमार्ग बनेको हो।

विसं २०७२ असार १८ गते औपचारिक रुपमा यो राजमार्ग जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। करिब २६ अर्ब जापानी येन बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सिधा जोड्को छ। यस राजमार्गको निर्माण सम्पन्न भएपछि पूर्व–पश्चिम राजमार्ग हुँदै नारायणघाट–मुग्लिन–काठमाडौं घुम्नुपर्ने झन्झट अन्त्य भएको थियो। गत वर्षको असोज १०, ११ र १२ गते परेको अबिरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो। त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिन नपुग्दै यही असोज १७ र १८ मा वर्षाले पुनःक्षति गराएको हो।

सङ्घीय राजधानी काठमाडौँबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट शुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँग समेत जोडिएको छ। तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढी पहिरोले थप क्षतिग्रस्त बनाएको हो। राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन्। वर्षा भएकाबेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो सडक बन्द हुने अवस्था निम्तिएको छ।

गत सालको वर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले क्षति पुर्याएको थियो। विशेषगरी नेपालथोक–आँपटार, कालढुङ्गा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौँ मिटर सडक बगाएको छ। त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो। गतसाल राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक तर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेंसीका सडकखण्ड पूर्ण रुपमा बगाएका थियो। गत सालको बर्षाले बगाएको सडकमा अस्थायी ट्रयाक खोलिएको भए पनि गत बैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो।

यही असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले राजमार्गको भकुण्डे–नेपालथोक सडकखण्डमा धेरै क्षति पुर्याएको कार्यालयले जनाएको छ। इञ्जिनियर अधिकारीका अनुसार बिपी राजमार्गअन्तर्गत यस सडकखण्डको १७ स्थानमा रोशी खोलाले क्षति पुर्याएको छ भने राजमागको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चार सयबेंसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ। यी स्थानमा अब शून्यबाटै फेरि मर्मत शुरु गर्नुपर्ने अधिकारीको भनाइ छ। अस्थायी रुपमा मर्मतगरी सकेसम्म छिट्टै यातायात सञ्चालन गर्ने तयारी भइरहेको पनि उहाँले बताउनुभयो। हिजो सोमबारदेखि नै काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिकाको सीमा क्षेत्र चौकीडाँडाबाट मर्मत कार्यको थालनी गरिएको छ।

कार्यालयका अनुसार रोशी खोलालाई पूर्वतर्फ डाइभर्ट गरी ट्र्याक बनाउन शुरु गरिएको हो। नेपालथोकदेखि सिन्धुलीतर्फ बर्खेखोलासम्म करिब ६०० मिटर रोशी खोलाले बगाएको छ। ट्र्याक खुलेपछि काभ्रेपलाञ्चोकको माम्तीसम्म यातायात सञ्चालन हुनेछ। कार्यालयका अनुसार हाल ११० किलोमिटर सडकमा यातायात सञ्चालन रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ।

कार्यालयले गत साल असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो। त्यतिबेला बाढीपहिरोले आठ किलोमिटर सडक पुरै बगाएको थियो।

क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको थियो। कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशका अनुसार हाललाई अस्थायी सडक बनाएर सञ्चालनमा ल्याउने योजना अघि बढाइएको हो। 'स्थायी पुनःनिर्माणबारे त्यसपछि के गर्ने भन्ने विषयमा मन्त्रालय र विभागको निर्णयअनुसार अघि बढिनेछ,' योगेशले भन्नुभयो।

यस राजमार्ग दुई वर्षमा पुनर्निर्माणका लागि हाल काभ्रेपलाञ्चोकतर्फ दुई र सिन्धुलीतर्फ एक गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको थियो। स्थायी निर्माणको काम भने मनसुन बाहिरिएपछि मात्र शुरु हुने जनाइएको थियो। क्षतिग्रस्त राजमार्गको पाँच किमी सडकखण्डमा जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले काम गर्नेछ। जाइकाले पिप्लेदेखि बर्खे खोलासम्म ३ दशमलव २ किमी सडक निर्माण गर्ने छ। त्यसका लागि फाइनल सर्भेको काम सकिएको र ठेक्का सम्झौताको चरणमा रहेको योगेशले बताउनुभयो। बाँकी सिन्धुलीतर्फको एक सडकखण्ड र काभ्रेपलाञ्चोकतर्फको दुई सडकखण्डमा ठेक्का सम्झौताको तयारी भइरहेको उहाँको भनाइ छ।

यस्तै, क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुई वटा गाडी सहज रुपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्र भएको र अर्को रोशी खोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ। कार्यालयले पहिलो चरणमा भकुण्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ।

यस राजमार्गमा जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकामा यही असोज १ गतेदेखि २४सै घण्टा सञ्चालनमा ल्याइएको थियो। त्यसअघि राजमार्गमा साँझ ५ देखि बिहान ५ बजेसम्म १२ घण्टा राजमार्गमा यात्रुवाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउँदै आइएको थियो। पुनःमनसुन सक्रिय रहने भएपछि असोज १६ गतेदेखि रातको समयमा १२ घण्डा रोक लगाइए पनि असोज १८ र १९ गतेको बाढीपहिरोले यस राजमार्गको सडक सम्पर्कबिच्छेद पारिदिएको छ।

दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने यस राजमार्गमा चाडबाडका बखत तेब्बर सवारीसाधन ओहोरदोहोर गर्छन्। यस राजमार्ग हाल इन्टरमिडियट लेनको छ भने अब दुई लेनको निर्माण हुने भएको हो। सरकारले क्षतिग्रस्त बिपी राजमार्गको स्थायी निर्माण र मर्मतका लागि सडक डिभिजन भक्तपुरलाई रु सात अर्ब ५० करोड र सिन्धुलीको खुर्कोट सडकखण्डलाई रु एक अर्ब उपलब्ध गराएको थियो। त्यसो त जाइकाको प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ। तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारीसाधन सञ्चालन गर्दै आइरहेका छन्। बिपी राजमार्गमा टिपरले २५ टनसम्म गिटीबालुवा लिएर निर्वाध रुपमा सञ्चालन हुने गरे पनि सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन।

बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकका रुपमा यस सडकमा सञ्चालन हुने टिपर पनि रहेका छन्। दैनिक यस सडकमा छ सयभन्दा बढी टिपर क्षमताभन्दा बढी लोड लिएर सञ्चालन भइरहेका छन्। सङ्गठित रुपमा टिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पार्दै आए छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना ठूला गरी दैनिक तीन हजार बढी सवारीसाधन आवतजावत गर्ने गरेका छन्। मुग्लिन–नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकांश साना सवारीसाधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन्। यस सडकमा टिपर, मिनीबस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन्। रासस

# पर्यटकको आकर्षण केन्द्र साल्पा–सिलिचुङ क्षेत्र

**भोजपुर ।**
यहाँको सबैभन्दा अग्लो साल्पा–सिलिछो चुचुरो र साल्पा पोखरी पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बनेका छन् । विशेषगरी मुन्दुम पदमार्गमा आउने पर्यटकहरू यस स्थानलाई अनिवार्य रूपमा पुग्ने गन्तव्यका रूपमा लिने गरेका छन् ।
समुद्री सतहबाट चार हजार एक सय ५५ मिटर उचाइमा रहेको सिलिचुङ डाँडाबाट सगरमाथासहित अन्य हिमाल नियाल्न सकिन्छ । हिमशृङ्खलाको मनमोहक दृश्य अवलोकनका लागि यहाँ आन्तरिक र बाह्य पर्यटकको चहलपहल बढ्दो छ । चुचुरो चढे पश्चात देखिने वरिपरिका रमणीय दृश्यको आकर्षणले पर्यटकको मन लोभ्याउने गरेको छ ।
चुचुरोको काखमै रहेको साल्पा पोखरीले धार्मिक दृष्टिले विशेष महत्व राख्छ । भक्तजनहरूले मनोकामना पूरा हुने विश्वासका साथ यहाँ पूजाआजा गर्ने गरेका छन् । वर्षमा चारपटक–वैशाख, भदौ, कात्तिक र फागुन पूर्णिमामा–यहाँ मेला लाग्ने गर्दछ । ती अवसरमा भोजपुर, खोटाङ, संखुवासभा, धनकुटा र सोलुखुम्बु लगायतका जिल्लाबाट भक्तजनको ठूलो भीड लाग्ने गरेको स्थानीयको भनाइ छ ।
यस स्थानलाई धामीझाँक्रीहरूले शक्तिको गुरुको रूपमा मान्ने परम्परा रहेको छ भने सन्तान नहुनेलाई सन्तान प्राप्त हुने, बोली नआउनेलाई बोली आउने विश्वासले मानिसहरु यहाँसम्म पुग्ने गरेका छन् ।
कचौरा आकारमा फैलिएको साल्पा पोखरी समय–समयमा रङ परिवर्तन गर्ने विश्वासले प्रख्यात छ । किरात राई समुदायले यसलाई आफ्ना पुख्र्यौली भगवान्का रूपमा पूजा गर्ने गरेका छन् । स्थानीय जानकार चन्द्र खत्रीका अनुसार साल्पा–सिलिचुङ क्षेत्रलाई व्यवस्थित रूपमा विकास र प्रचारप्रसार गर्न सके ताप्लेजुङको पाथीभरा जस्तै लोकप्रिय धार्मिक–पर्यटन गन्तव्य बन्न सक्छ। चिताएको पूरा हुने विश्वासले मानिसहरू चार–पाँच दिनसम्म पैदल यात्रा गरेर यहाँ पुग्ने गरेका छन् । प्रख्यात पर्वतारोही तेन्जिङ हिलारीले सगरमाथा आरोहणका क्रममा यही पदमार्ग प्रयोग गरेको तथ्यले यस क्षेत्रलाई ऐतिहासिक महत्व दिएको छ । प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र ऐतिहासिक महत्वले भरिपूर्ण साल्पा पोखरी र सिलिचुङ चुचुरो अहिले पर्यटकको रोजाइको प्रमुख गन्तव्य बनेको छ । यसको संरक्षण, पूर्वाधार विकास र प्रचारप्रसार गर्न सके यो क्षेत्र नेपालको महत्वपूर्ण धार्मिक–पर्यटन केन्द्रका रूपमा स्थापित हुने स्थानीयको भनाइ छ ।रासस

# मतदाता नामावली दर्ता गराउनेको भीड

**दाङ।**
यहाँ मतदाता नामावलीमा नाम दर्ता गराउनेको भीड लाग्न थालेको छ । सरकारले मतदातासम्वन्धी नयाँ नियम जारी गरेसँगै मतदाता नामावलीमा नाम दर्ता गराउन आउनेको संख्यामा वृद्धि हुन थालेको घोराहीमा रहेको लुम्बिनी प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कुँवरले जानकारी दिए।
दशैँअघि दुई दिन र सोमबार पहिलो दिन गरी एक सय ३३ जना नयाँ मतादाता थपिएको कार्यालयले जनाएको छ। एक सय ६३ जनाले नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउन अग्रिम फारम भरेको र बायोमेट्रिक बाँकी रहेको पनि कार्यालयको भनाइ छ।
मतदाता नामवली दर्तालाई पालिकास्तरमा बढाउन सके जिल्लामा उल्लेख्य मात्रामा नयाँ मतदाता थपिने कार्यालयका सूचना अधिकारी कुँवरले बताए।
पालिकास्तरमा मतदाता नामावली दर्ता सङ्कलनको माग गरेका कारण २०७९ को दाङमा निर्वाचनमा ५४ हजार नयाँ मतदाता थपिएका थिए।
गत २०७९ को निर्वाचनमा दाङ क्षेत्र नम्बर १ बाट एक लाख ३४ हजार सात सय ३३ क्षेत्र नम्बर २ बाट एक लाख ३३ हजार सात सय ४८ र क्षेत्र नम्बर ३ बाट एक लाख ४६ हजार चार सय ७५ गरी कूल चार लाख १४ हजार नौ सय ५६ मतदाता रहेका थिए।रासस

# शान्ति सैनिकको अदलीबदली



**काठमाडौँ।**
संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनाका लागि युनाइटेड मिसन नेसन्स मिसन इन साउथ सुडानमा (अनमिस) मा सहभागी श्रीनाथ गण शान्तिसेना १४औँ डफ्फा बदली भएको छ।
नयाँ गोरख गण शान्ति सेना १५औँ डफ्फाका १७५ जना शान्ति सैनिकको टोली मंगलवार कार्यक्षेत्र दक्षिण सुडान प्रस्थान गरेको छ । श्रीनाथ गणका १७६ जना सोमबार फिर्ता भएका सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ।
दक्षिण सुडानमा राष्ट्रसङ्घीय शान्ति मिसनमा विभिन्न देशका सेनासँग नेपाली सेनाका एक हजार ७५७ जनाले समन्वय र सहकार्यका साथ शान्ति स्थापनामा क्रियाशील छन् । रासस

# चार स्थानीय तहमा सडक सञ्जाल र विद्युत् सेवा अवरुद्ध

**काभ्रेपलाञ्चोक ।**
शुक्रबार, शनिबार र आइतबारको अविरल वर्षात् पछिको बाढीपहिरोले यहाँको चार स्थानीय तहमा सडक सञ्जाल र विद्युत् सेवा अवरुद्ध भएका छन् ।
ती गाउँपालिकामा विद्युत् सेवा अवरुद्ध हुँदा कतिपय ग्रामीण क्षेत्रमा सञ्चार सेवा अवरुद्ध भएको छ भने सडक अवरुद्ध हुँदा आजवजावतमा केही दिन पर्खनुपर्ने बाध्यता रहेको जनाइएको छ ।
जिल्लाको खानीखोला, महाभारत, रोशी र बेथानचोक गाउँपालिका जाने सडक पहिरोले अवरुद्ध भएका हुन् । केही गाउँपालिकाले भने सोमबारदेखि आवश्यक उपकरणसहित सडक खुलाउन थालेका छन् । बाढीपहिरोले अति विकट महाभारत पर्वत श्रृंखलापारी (डाडाँपारी) का दुई गाउँपालिका जाने सडक पूर्णरुपमा बन्द भएको हो । विशेषगरी त्यस क्षेत्रका दुई गाउँपालिका खानीखोला र महाभारत जाने सडक खुल्न हप्ता दिन लाग्ने स्थानीय तहका जनप्रतिनिधिले जनाएका छन् ।
महाभारतमा सडक, विद्युत् र सञ्चार–सम्पर्कबाट विच्छेद भएको छ । सडक अवरुद्ध भएका कारण महाभारत जाने कुनै विकल्पिक सडक नभएको अध्यक्ष कान्छालाल जिम्बाले बताए । उनका अनुसार गाउँपालिका कार्यालय जाने मुख्य सडकसहित विभिन्न वडामा जाने सबै सडक विभिन्न ठाउँमा अवरुद्ध भएको छ । 'यी सबै क्षतिग्रस्त सडक बनाउन हप्ता दिनभन्दा बढी लाग्न सक्छ, विद्युत् सेवा पनि अवरुद्ध भएकाले दुवै सेवालाई कसरी सुरु गर्ने भन्ने तत्कालै योजना बनाइरहेका छौँ', जिम्बाले भने । उनका अनुसार मुख्य गरी महाभार जाने बिपी राजमार्गसँग जोडिएका चौकीडाँडा–सिपाली, पिन्थली–रजवास, मंगलटार–डाडाँखर्क र पिप्ले–भीमखोरी खण्डका सडक सबै अवरुद्ध भएका छन् ।
यस्तै डाँडापारी अवस्थित गाउँपालिका खानीखोला जाने सबै सडक अवरुद्ध भएकाले मर्म गरी सडक खुलाउन केही समय लाग्ने अध्यक्ष इन्द्रबहादुर थिङले बताए । उनका अनुसार सोमबारदेखि सडक खुलाउन मेसिन प्रयोग भइसकेको छ । 'सडक अवरुद्ध भएकले इन्धन व्यवस्थापनमा समस्या भएको छ, हामी प्रयास गर्दैछौँ', थिङले भने । उनले एक–दुई दिनमै विद्युत् सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति खटाएको बताए । रोशीको सडकअन्तर्गत बिपी विभिन्न स्थानमा अस्थायी डाइभर्सन कटान गरेपछि विभिन्न वडा जाने सडक अवरुद्ध भएको छ । चौकीडाँडा र घुमाउनेमा सडक बनेपछि मात्र गाउँपालिका केन्द्र सडक सञ्जालसँग जोडिने अध्यक्ष दिनेश लामाले बताए । उनका अनुसार रोशीमा विद्युत् सेवा आंशिक रुपमा अबवरुद्ध भएकाले तत्काल पूर्णरुपमा सेवा नियमित गर्न लागिएको छ । यसैगरी, बेथानचोकमा अबरुद्ध सडक खुलाउन आइतबारदेखिले जनप्रतिनिधिहरु सक्रिय भएका छन् । अबरुद्ध मुख्य सडकलाई खुलाउन प्राथमिकता दिइएको जनाइएको छ । गाउँपालिका कार्यालयबाट अन्य वडा जोडिने सडकलाई खुलाउन आवश्यक मेसिनहरु प्रयोग भइरहेको गाउँपालिका अध्यक्ष भगवान् अधिकारीले बताए । जिल्लामा बाढीपहिरोले दुईको मृत्यु भएको छ भने पूर्वाधारका क्षेत्रलगायत निजी भौतिक संरचनामा निकै ठूलो क्षति भएको जनाइएको छ ।रासस

# जेन्जी अलायन्सद्वारा अख्तियार प्रमुखको राजीनामा माग

**काठमाडौँ ।**
जेन्जी पुस्ताका युवाहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहित सम्पूर्ण आयुक्तहरूको राजीनामा माग गरेका छन् ।
जेन्जी मुभमेन्ट अलायन्सले आयोगका प्रमुखहित सम्पूर्ण आयुक्तहरूको राजीनामा माग्दै मंगलबार आयोगको कार्यालय पुगेर पत्र समेत बुझाएका छन् ।
राई वाइडबडी घोटाला लगायतका भ्रष्टाचार मुद्दामा मुछिएको र उनको नेतृत्वमा आयोगको निष्पक्षतामाथि शंका उब्जिएको आरोप लगाउदै जेन्जी मुभमेन्ट अलायन्सले अख्तियारको कार्यालय टङ्गाल पुगेर निवेदन दर्ता गराएको हो।
संसद् नभएको अवस्थामा महाभियोग संभव नभएकाले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने मागसहित जेन्जी अलायन्स टङ्गाल पुगेको हो । अलायन्सले खुला आवेदन प्रक्रियामार्फत योग्यता र क्षमता भएका नयाँ प्रमुख आयुक्त नियुक्त गर्न अन्तरिम सरकारसँग माग गर्दै राजीनामा नआए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी समेत दिएको छ ।
एलाइन्सको तर्फबाट हिजो इमेलमार्फत राईलाई पद छोड्न दबाबमूलक पत्र पठाइएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नियुक्त गरेका राईसहितका आयुक्तहरूले भ्रष्टाचारको निष्पक्ष छानबिन गर्नेमा शंका रहेको भन्दै जेन्जीहरूले निष्पक्ष मान्छे ल्याउनुपर्नेमा जोड दिएका छन् ।

# जेन्जी आन्दोलन पनि पश्चिमाहरुको डिजाइनमा भयोः प्रसाईं



**काठमाडौँ।**
मेडिकल व्यवसायी दुर्गा प्रसाईले चाडै देशमा नेपाल र नेपाली नागरिकहरुले चाहेको संबैधानिक राजसंस्था सहितको व्यवस्था आउने दाबी गरेका छन्।
मंगलबार सामाजिक संजालमा आफ्नो धारणा राख्दै उनले काठमाडौँ केन्द्रित भई देशभरी हुने आन्दोलनका लागि तयार रहन अनुरोध पनि अनुरोध गरेका छन्।
जेन्जी आन्दोलन समेत पश्चिमाहरुको डिजाइनमा भएको भन्दै उनले ०४७ सालको संबिधान पुनः स्थापना गर्नु आवश्यक रहेको औल्याएका छन्।
उनले संबैधानिक राजसंस्था सहितको व्यवस्था आउने भएकाले हातमा दियो बोकेर दिपावली गर्नको लागि तयार रहन अनुरोध समेत गरेका छन्।

**नेपाली जनताले अहिले पनि नचेते कहिले चेत्ने ?**
हिजोको राजाको शासन एक पटक सम्झिनुस ! गणतन्त्र हुदै गिरिजा, देउवा, प्रचण्ड, ओली हुदै आज जिएनजी आन्दोलनको नाममा पश्चिमाहरुको डिजाइनमा बालेन जस्ता लुसिफर र सुशिला कार्कीको सरकार,त्यसमा पनी नेपाली सेना, प्रहरी र कर्मचारीलाई ठाडो निर्देशन दिएर हिड्ने सुदन गुरुङ्ग ! भनेपछी देश कहाँ पुग्यो र देश लाई कहाँ लगिदै छरु त्यहि भएर धैर्य गर्नुस राजा,देउता,धर्म र संस्कृती खोपीमै भए पनि चाहिदो रहेछ, प्रतिक्षा गर्नुस् ! बौद्ध, किराँत सहितको बैद्दिक सनातन हिन्दु अधिराज्य नेपाल बनाउन, २०४७ सालको संबिधान पुनः स्थापना गर्नु छिमेकी मुलुकका लागि पनि र नेपालीहरुका लागि पनि अपरिहार्य भएको छ, त्यसैले चाडै देशमा नेपाल र नेपाली नागरिकहरुले चाहेको संबैधानिक राजसंस्था सहितको व्यवस्था आउँदै छ, हातमा दियो बोकेर दिपावली गर्नको लागि तयार रहनुहोला।
साथै लघुवित्त पिडित, सहकारी पिडित, बैंकबाट कालो सुचिमा परेका र घरबार लिलाम भएका सम्पुर्ण अभियान्ताहरुलाई काठमाडौँ केन्द्रित भई देशै भरी आन्दोलनका लागि तयार रहन अनुरोध गर्दछु।

# बाढीपहिरोमा परेर ५२ जनाको मृत्यु उद्धार कार्य जारी

**काठमाडौं ।**
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख ई.दिनेश प्रसाद भट्टले मध्यान्न १२ बजेसम्मको विवरण अनुसार ५२ जनाको निधन भएको जानकारी दिएका छन् ।
मंगलबार अविरल वर्षाबाट भएको विपद्का घटनाएवम् खोज, उद्धार तथा राहत सम्बन्धी पत्रकार सम्मेलनमा उनले हालसम्म पहिरोमा परि ३९ जना, बाढिमा ११ जना र चट्याङबाट २ जना गरि ५२ जनाको मृत्यु भएको जानकारी दिएका हुन् । उनले भने, 'मध्यान्न १२ बजेसम्मको विवरण अनुसार मानविय क्षतिमा ५२ जनाको निधन भएको छ । पहिरोमा परि ३९ जना, यसम ाइलाममा ३७जना, पाँचथरमा १ जना, काभ्रेमा १ जना रहेका छन् । बाढिमा ११ जनाको मृत्यु भएको छ । यसमा उदयपुरमा २ जना, धनुषा २, इलाम १, पाँचथर १, खोटाङ १, भोजपुरमा १ जना, मोरङ १ जना, सुनसरी १ र रौतहटमा १ जना रहेका छन् । यसैगरि रौतहटमा चट्याङबाटपनि २ जनाको मृत्यु भएको छ । बेपत्ताअहिलेसम्म रसुवामा ४ जना, इलाममा १ जनाहुनुहुन्छर घाइते ४७जना हुनुहुन्छ । पहिरोकाघाइते ३३ जना, चट्याङ्मा घाइते १४ जना रहेका छन् ।'
यस्तै, उनले बेपत्ताहरुको खोज उद्धारको कार्य तीनवटै सुरक्षानिकाय र स्वंमसेवक साथिहरु खटिएको भन्दै संघीय सरकार र प्रदेश सरकारले घाइतेहरुको उपचार निशूल्क गरेको पनि बताए ।
उनले भने, 'बेपत्ताहरुको खोज उद्धारको कार्य जारी छ । तीनवटै सुरक्षानिकाय परिचालित छन् भने रसुवाको बाढिमा स्वंमसेवक साथिहरु पनि हुनुहुन्छ । खोज उद्धार कार्य जारी रहने नै छ भने घाइतेहरुको उपचार नेपाल सरकारले निशूल्क गर्ने भनेको छ र प्रदेश सरकारको तर्फबाट पनि आफ्नो प्रदेशमा भएको अस्पतालहरुमा निशूल्क उपचार गराउने कुरा गर्नु भएको छ ।'
तीनवटै सुरक्षानिकायहरु, नेपाल सरकारका संघीय मन्त्रालयहरु मात्रनभई एनजिओ, आइएनजिओहरु देखि लिएर सबैको आफनत्व भएको प्रतिकार्य योजना भयो भने काम कागजी मात्र नभई भौतिक रुपमा पनि हुने भन्दै सोही हिसाबले सबैलाई लिएर अगाडि बढेको पनि उनको भनाई छ ।

# सुँगुर फर्ममा बाढि पस्दा ८०लाख रूपैयाँ बराबरको क्षति



**सुनसरी ।**
शुक्रबारदेखि लगातार परेको अविरल वर्षापछि सर्दु–सेरा खोलामा आएको बाढीका कारण रामधुनी नगरपालिका–८ स्थित झुम्का अर्गानिक कृषि फार्ममा क्षति पुगेको छ । बाढीका कारण फार्ममा रहेका २०० भन्दाबढी सुँगुर बगाउँदा करिब ८० लाख रुपैयाँ भन्दा बढीको क्षति भएको फार्म सञ्चालक भरत कार्कीले बताए ।

मलेसियामा तीन वर्ष काम गरेर फर्किएपछि कार्कीले विसं २०७४ मा फार्म सञ्चालन गर्नुभएको हो । करिब चार बिघामा फैलिएको फार्ममा १६ जनाले रोजगारी पाइरहेका छन् ।

उनका अनुसार फार्ममा ३०० भन्दा बढी सुँगुर थिए । शनिबार रातिको बाढीले ठूला माउ सुँगुरदेखि साना बच्चासम्म गरी २०० भन्दाबढी सुँगुर बगाएको उनको भनाइ छ । फार्ममा अहिले करिब ७० वटा सुँगुर बचेका छन् । बच्चा सुँगुरमध्ये ४० भन्दाबढी पानीमा डुबेर मरेका छन् भने मासु उत्पादनका लागि तयारी अवस्थामा रहेका सुँगुरहरू बाढीले बगाएर लगेको उनले बताए ।

उनले भने, 'भारी वर्षापछि फार्ममा एक्कासी बाढी पस्यो, सुँगुरहरू आत्तिएर खोर नाघेर खोलातर्फ हामफाल्न थाले, हामी फार्मको पारीपट्टी थियौँ, उनीहरुलाई बचाउन सकिएन, फार्मको ढोका र झाडीमा अल्झिएर बचेका केही सुँगुर मात्र अहिले बाँकी छन् ।' उनले कुखुरा फार्म खोलाभन्दा केही पर भएकाले जोगिएको बताउनुभयो । उक्त फार्ममा करिब ३० हजार कुखुरा छन् । रासस

# पन्ध्र हजार हेक्टर जमिन बाँझै

**बागलुङ ।**
बागलुङका धेरैसजो ग्रामीण क्षेत्र बसाइँसराइका कारण सुनसान बन्दै गएका छन् । बसाइँसराइले गाउँमात्रै सुनसान भएका छैनन् धान, गहुँ र मकै फल्न खेतीयोग्य जमिन पनि बाँझिने क्रम बढेको छ । कतै सिउँडी पलाएका छन्, त कतै बनमाराले ढाकिएका छन् । घर पनि रुग्ण बनेका छन् ।

काठेखोला गाउँपालिका तथा जैमिनी र गलकोट नगरपालिकामा बसाइँसराइ गरे सहर बजार झर्नेको संख्या अत्यधिक छ । गाउँमा बूढापाका र बालबालिका मात्रै छन् ।

युवा शक्ति विदेश पलायन भइरहेको छ । यही कारणले बर्सेनी जमिन बाँझोमा परिणत हुँदैछ । यसले उत्पादनमा असर परेको छ । बागलुङमा कूल एक लाख ७८ हजार ४ सय ६ हेक्टर जमिन रहेको छ । त्यसमध्ये ४६ हजार १ सय ४८ हेक्टर जमिनमा खेती गर्न सकिन्छ । हाल ३० हजार ५ सय ३ हेक्टर जमिनमा मात्रै खेती भइरहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिए ।

कूल जमिनको २५ प्रतिशत मात्रै खेतीयोग्य जमिन रहेकामा अहिले १७ प्रतिशत जमिनमा मात्र खेती हुने गरेको छ । बागलुङमा १५ हजार ६ सय ४५ हेक्टर जमिन बाँझो रहेको र आगामी वर्ष अझै घट्ने देखिएको अधिकारीले बताए । 'जिल्लामा १४ हजार ६ सय २५ हेक्टर जमिन बाँझो छ, एक हजार २० हेक्टर जमिनमा खती नगरी अन्य प्रयोगका लागि प्रयोग भएको छ,' उनले भने ।

जैमिनी–४ की देवी शर्माले काम गर्ने व्यक्तिको अभावले आफ्नो ८० प्रतिशत बारी झाडीमा परिणत भएको बताए । पहिला २० मुरी धान, २२ मुरी मकै र कोदो उत्पादन गरेको सम्झिँदै उनले भने, 'पैसा दिएर पनि खनजोत गर्ने खेताला पाइन छाडे ।'

काठेखोला–८ लेखानीका मेघराज कँडेलले पछिल्लो १० वर्षमा गाउँको आधाभन्दा बढी खेतीयोग्य जमिन बाँझो बनेको बताए ।

गाउँमा बूढाबूढी मात्रै रहेकाले काम गर्न नसक्दा खेतीयोग्य जमिन बाँझो बनेको उनको भनाइ छ ।रासस

# मलेसियाविरुद्धको चौथो खेलमा नेपाल विजयी




**काठमाडौं ।**
महिला ट्वेन्टी–२० अन्तरराष्ट्रिय शृङ्खलाको चौथो खेलमा नेपाल विजयी भएका छन । मलेसियामा मंगलवार भएको खेलमा नेपालले मलेसियालाई छ विकेटले पराजित गरेको हो । योसँगै नेपाल र मलेसियाबीचको पाँच खेलको शृङ्खलामा २–२ को बराबरी भएको छ ।

यसअघि भएको पहिलो खेलमा नेपाल तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा मलेसियालाई छ विकेटले हराएको थियो । तेस्रो खेलमा नेपाल १३ रनले पराजित भएको थियो ।

आज मलेसियाले दिएको एक सय १२ रनको लक्ष्य पछ्याएको नेपालले १७ दशमलव ३ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालको लागि कप्तान इन्दु बर्माले ३९ बलमा ४८ रनमा अविजित रहिन् । त्यस्तै रुबिना क्षेत्रिले २३ बलमा २३ रन बनाइन् ।

मलेसियाको लागि नुर दानिया स्युहादा, आइना हमिजा र माहिरा इजातीले समान एकएक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ११ रन बनाएको थियो । उसका लागि मास एलिसाले अविजित ५६ रन बनाइन् । माहिराले १८ तथा नुर दानियाले १५ रन बनाएकी थिइन् ।नेपालकी कविता कुँवरले तीन विकेट लिइन भने पूजा महतो र कविता जोशीले समान एक एक विकेट लिए । शृङ्खलाको अन्तिम खेल बुधवार हुनेछ । रासस

# मुस्ताङका किसान 'फापर' थन्क्याउन व्यस्त

**मुस्ताङ ।**
यहाँका किसान दसैँ पर्वसँगै सकिएसँगै परम्परागत रैथाने बाली थन्क्याउन व्यस्त छन् । यहाँको तल्लो क्षेत्र घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकाअन्तर्गत किसान खाद्य बाली 'फापर' स्याहार्न व्यस्त भएका हुन् । रैथाने बाली फापर यहाँको लोकप्रिय खाद्य बालीको रुपमा लिइन्छ ।



घरायसी प्रयोजन, धार्मिक अनुष्ठान, व्यवसायिक प्रयोजन तथा विदेशमा बस्ने आफ्ना आफन्तजनलाई कोसेलीको रुपमा पठाउने उद्देश्यले यहाँका किसानले फापर खेती गर्दै आइरहेका छन् ।

खेतबारीमा फापर छरेको औसत एक सय दिनमा फापर खेती भित्र्याउन योग्य हुने घरपझोङ–५ ठिनीका किसान प्रमिला गुरुङ थकालीले बताए । फापर काटेर डाठसँगै लगातार तीन दिनसम्म खेतबारीमा सुकाएपछि लौरीको सहायताले फापर चुटेर केस्रा निकाल्ने प्रचलन रहेको उनले जानकारी दिए । फापरको डाँठ परालका रूपमा पशुचौपायालाई खुवाउन र घाँस नपाइने बेला पशुलाई खुवाउन सुकुटी पारेर राखिने गरिएको किसान थकालीको भनाइ छ ।

जिल्लामा मिठे फापर र तिते फापरखेती हुने गरे पनि मुख्य रुपमा मिठे फापरबाली बढी मात्रामा लगाउने गरिएको जनाइएको छ । पछिल्लो समय कतिपय किसानले नयाँ प्रविधिको प्रयोग गरेर फापरको केस्रा सङ्कलन गर्न थालेका उनको भनाइ छ । जिल्लाको तल्लो क्षेत्रदेखि माथिल्लो क्षेत्रमा स्थानीयले परम्परागत रुपमा रैथाने फापर खेती अपनाउँदै आइरहेका छन् । यहाँ उत्पादन हुने उवा, जौ, मकै, आलु, बोडी, सिमीलगायत फापरखेती यहाँको मुख्य 'ब्राण्ड' बनेको छ ।

समुन्द्री सतहको एक हजार नौ सय ८४ मिटरदेखि तीन हजार नौ सय सय मिटरको अग्लो उचाइको खेतीयोग्य जमिनमा फापरखेती गरिन्छ । हिमाली तथा उच्च पहाडी क्षेत्रमा फापर खेती गरिने भएपनि मुस्ताङको चिसो हावापानीमा उत्पादन हुने रैथाने बाली फापरको परिकार स्वादिलो र पोसिलो हुन्छ ।

फापर बालीअन्तर्गत मिठे फापरको खेती तलो जिल्लामा असार र साउन महिनाको पहिलो हप्ता खेतबारी छरेर असोजको पहिलो र दोस्रो हप्तामा घरमा भित्र्याईन्छ । तीते फापर साउन र भदौ महिनामा छरेर कात्तिकको पहिलो हप्तादेखि घरमा भित्र्याउने गरिन्छ । सामान्यतया रैथाने बाली उवा र जौ पाक्न नौ महिना लाग्ने भए पनि फापर बाली तीन महिनामा पाक्ने किसानले प्रमिलाले जनाइन् । उपल्लो मुस्ताङमा मिठे फापर वैशाखको पहिलो र दोस्रो हप्तामा छरेर कात्तिकको पहिलो हप्तादेखि फापर भित्र्याईन्छ । यहाँ तिते फापर वैशाखको पहिलो र दोस्रो हप्तामा खेतबारीमा छरेर कात्तिक महिनाको अन्त्यतिर बाली भित्र्याइने प्रचलन रहेको छ ।

पछिल्लो समय जलवायु परिवर्तनका कारण फापर बालीमा समेत विभिन्न प्रकोपहरु देखा पर्न थालेको घरपझोङ—५ ठिनीका किसान पाल्साङ गुरुङले बताए । यसवर्ष यहाँको फापर बालीमा खुम्ले कीराको प्रकोप देखापरेको उनको भनाई छ । गतवर्ष यहाँको फापर बालीमा तुषारोले असर पु¥याएको उनले बताए । यहाँको रैथाने बाली स्याउ बगैँचाभित्र अन्तरबालीको रुपमा लगाएर दोहोरो आम्दानी लिने गरिएको किसान गुरुङले उल्लेख गरे । फापर बालीमा ढिडो, रोटीलगायत विभिन्न परिकार निर्माण गर्न सकिने भएकाले यहाँको फापर खेती सहर बजारको उपभोक्ताले अत्यधिक रुचाउने गरेको किसान उनको भनाइ छ । जलवायु सङ्कटका कारण परम्परागत रैथाने बाली अन्य बालीभन्दा कम झन्झटिलो भएकाले यसको व्यवस्थापनमा निकै सहज भएको उनले जानकारीदिए । सहर बजारका भान्साघरमा यहाँको फापरको ढिडो मुख्य भेराइटी भएकाले यसको माग बढी हुने गरेको उनले बताए । फापर बोटको औसत एक सय सेमीदेखि एक सय १० सेमीसम्म लम्बाइ हुने गर्छ । फापर बालीअन्तर्गत मिठे फापरको झुप्पामा हलुका गुलाबी रङ्गको फूलहरू फुल्दछ भने फापरको केस्रा हलुका र कालो रङ्गको हुन्छ । तिते फापरको सेतो रङ्गको फूलहरू फल्दछ । फापरको केस्रालाई स्थानीय पानी घट्ट र मिलमा पिसेर पिठो तयार गरिन्छ । यहाँ एकमाथि फापरको मिठोको मूल्य एक हजार २०० सय रुपैयामा किनबेच भएको किसानहरु बताउँछन । विषेशगरी फापरको मीठो बढी मात्रामा ढिँडो र रोटी खानका लागि उपयोग गर्ने गरिन्छ । यहाँका किसानले फापरखेतीलाई व्यावसायिक रुपमा अपनाएको पाइँदैन । हिमाली क्षेत्रको महत्वपूर्ण पहिचान बोकेको कृषि उपज रैथाने फापर बालीलाई यहाँका किसानले व्यक्तिगत घरायसी प्रयोजनको रुपमा मात्रै अपनाएको पाइन्छ । घरपझोङ गाउँपालिकाका कृषि शाखा अधिकृत रोशन थकालीले रैथाने खाद्य बाली प्रवद्र्धनका लागि स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको जानकारी दिए । उहाँले फापर बाली मुस्ताङकै पहिचान भएकाले यसको संरक्षणमा स्थानीय सरकारको दायित्व रहने भएकाले सम्बन्धित किसानलाई बर्सेनि रैथाने बाली विविधीकरण तालिम, अनुदान र प्रोत्साहन लगायतका कार्यक्रम आयोजना गर्ने गरेको बताए ।

पोषणविद्का अनुसार फापरको परिकारबाट २४ भन्दा बढी प्रकारका पौष्टिक तत्व प्राप्त हुन्छ । फापरको परिकारबाट रगतको कोल्ड स्टोर घटाउने र पित्तको पत्थरी हुनबाट बचाउने भनाइ छ । यसले मानिसको मोटोपना घटाउने र उक्त रक्तचापका बिरामीलाई फापर मिठोको परिकार सेवन उपयोगी हुन्छ । विशेष गरी फापरमा मिनरल वाटर र भिटामिनको स्रोत प्रशस्त हुन्छ । यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, चिल्लो पदार्थ र पानीको मात्रा प्राप्त हुने जनाइएको छ ।रासस

# धान भित्र्याउन नपाएर समस्या



**सुदूरपश्चिम ।**
खेतमा पाकेर झुलिसकेको बर्खे धानबाली प्रतिकूल मौसमका कारण समयमै भित्र्याउन नसकिएपछि किसान चिन्तित देखिएका छन् ।

गत जेठ अन्तिम हप्तादेखि असार पहिलो हप्तासम्म रोपिएको धान यतिबेला पाकेर खेतमा झुलिसकेको भए पनि वर्षा हुने सम्भावनाले भित्र्याउन नपाएको किसानले बताएका छन् ।

धनगढीका किसान वीरबहादुर रानाले भने, 'दुई हप्ताअघि नै भित्र्याउने समय भइसकेको धानबाली खेतमा पाकेर झुलिसकेको छ, मौसमको भर नहुँदा काट्न पाइरहेका छैनौ । कतिपय गाउँमा काटेर सुकाइएको धान वर्षाले भिजेर क्षति गरेको छ ।'

वडादसैँपछि तिहार पर्व मनाउने तयारीमा रहेका किसानलाई खेतमा पाकेर पहेलपुर भएको धानबालीलाई आकाशमा बाँदल लाग्ने गरेकाले कतिबेला काट्ने भन्ने चिन्ताले सताएको हो ।

मनसुनी वर्षाले तीन दिन अघिसम्म देशको मध्य तथा पूर्वी क्षेत्रमा धनजनको ठूलो क्षति पु¥याउँदा सुदूरपश्चिम प्रदेशमा भने समान्य मौसम थियो । गएराति कैलालीसहितका जिल्लामा वर्षा हुँदा किसानमा थप चिन्ता बढेको छ ।

वर्षा गराउने मनसुन निष्क्रिय भइसके पनि स्थानीय वायुको प्रभाव यथावत रहँदा सुदूरपश्चिमका केही क्षेत्रमा वर्षा हुनसक्ने पूर्वानुमान जल तथा मौसम विज्ञान विभागको अत्तरियास्थित महाकाली बेसिन फिल्ड कार्यालयको छ ।

'फूलपातीका दिन काटेर खेतमै सुकाइ राखिएको बाली राति परेको पानीले भिजाएर क्षति पुग्यो,' अर्का किसान लक्ष्मण चौधरीले भने, 'आकाशमा बाँदल मडारिने क्रम रोखिएको छैन, यसले पाकेर झुलिसकेको धान काट्न नपाएर समस्या भइरहेको छ ।'

पछिल्ला केही वर्षदेखि धानबाली भित्र्याउने समयमै हुने वर्षाका कारण काटेर खेतमै सुकाइएको धान बालीमा क्षति पुग्ने गरेको छ । किसान मानबहादुर चौधरी भने, 'केही क्षेत्रमा रोककिराको समस्या देखिए पनि अधिकांश जग्गामा यसपालि धान राम्रो फल्ने देखिएको छ । पाकेको धान काटौँ भने भिज्ने डर छ, नकाटौँ भने खेतमै बिग्रिने त्रासमा छौँ ।'

प्रदेशको तराईका दुई जिल्ला कैलाली र कञ्चनपुरमा उत्पादन हुने धान पहाडका सात जिल्लामा आपूर्ति हुने गरेको छ । कृषि विकास निर्देशनालयको तथ्याङ्कका अनुसार प्रदेशमा कूल एक लाख ८१ हजार तीन सय ९६ हेक्टर जग्गामा बर्खे धानखेती हुने कगरेको छ । यसबाहेक कैलाली, कञ्चनपुरमा चैते धानखेती हुने गरेको छ । सबैभन्दा बढी तराईको जिल्ला कैलालीमा ७२ हजार पाँच सय हेक्टर र कञ्चनपुरमा ४८ हजार चार सय ९० हेक्टर जग्गामा धानखेती हुने गरेको छ ।

पहाडी क्षेत्रका डोटी, डडलेधुरा, बाजुरा,बैतडी, बझाङ, दार्चुला,र डडेलधुरा जिल्लामा गरी झण्डै ६० हजार चार सय छ हेक्टरमा यो खेती हुने गरेको छ । बर्खे धानको वार्षिक उत्पादन पाँच लाख ८६ हजार तीन सय ५३ मेट्रिकटन हुन्छ । पछिल्ला वर्षमा धान बालीको उत्पादन र उत्पादकत्व बढ्दै गएको कृषि प्राविधिकको भनाइ छ ।रासस

# आदिनाथमा एकमहिने मेला शुरु

**काठमाडौँ।**
कोजाग्रत पूर्णिमाका दिनदेखि एक महिनासम्म चल्ने आदिनाथ मेला शुरु भएको छ । काठमाडौँको दक्षिणी भेग चोभारडाँडास्थित आदिनाथ मन्दिरमा मेला शुरु भएको हो।
मन्दिरमा शिव र पार्वतीको संयुक्त आकार प्रतिबिम्वित मूर्ति राखिएका छन्।
जसलाई अर्धनारेश्वर ‘आदिनाथ’ भनिन्छ। मन्दिरमा हिन्दू र बौद्ध अनुयायीले साझा मन्दिरका रूपमा आस्था प्रकट गर्ने गर्दछन्। कात्तिक शुक्ल पूर्णिमासम्म सञ्चालन हुने उक्त मेलामा काठमाडौँ उपत्यका तथा त्यस वरपर क्षेत्रबाट भक्तजन सहभागी हुने गर्दछन्।
मेलामा सहभागी भएमा भय, रोग र विघ्नबाट मुक्त भई पारिवारिक सुख र समृद्धि प्राप्त हुने विश्वास गरिन्छ । मेला अवधिभर मन्दिरमा दर्शन गरे रोगव्याधि तथा छालासम्बन्धी रोग नलाग्ने किंवदन्ती पनि छ।
बौद्धमार्गीले लोकेश्वरका रुपमा पूजा गर्ने मन्दिरमा लामो आयु प्राप्त हुने, अकालमा मृत्यु नहुने, धनसम्पत्ति प्राप्त हुने बौद्ध धर्मावलम्बको विश्वास छ । लिच्छवीकालीन राजा अंशुबर्माले स्थापना गरेको यो मन्दिर ऐतिहासिक र पुरातात्त्विक महत्वको छ।
हिन्दू धर्मावलम्बीले शिवशक्तिका रूपमा तथा बौद्ध धर्मावलम्बीले आनन्दादी लोकेश्वरका रूपमा आदिनाथलाई पूजा गर्ने गर्दछन्। बौद्ध धर्मावलम्बीले करुणाका प्रतीकका रूपमा र हिन्दू धर्मावलम्बीले आदिनाथका रूपमा देवतालाई सम्मान तथा पूजा गर्ने चलन छ । मेला अवधिभर प्रत्येक दिन विभिन्न बाजागाजासहित मन्दिरमा आएर भजनकीर्तन तथा पूजा हुने गर्दछ।
काठमाडौँबाट करिब नौ किलोमिटर दक्षिणतर्फ अवस्थित उक्त मन्दिर नजिकै चोभारडाँडाबाट काठमाडौँ उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ । उक्त मन्दिरबाट नजिकै रहेको मञ्जुश्री पार्क, जलविनायक मन्दिर, टौदह पनि धार्मिक महत्वका स्थल हुन्।रासस

# प्रदर्शनका क्रममा भागेका ५७ सय कैदीबन्दी अझै फरार



**काठमाडौँ।**
जेन्जी प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधारगृहबाट भागेकामध्ये झण्डै पाँच हजार ७ सय कैदी अझै फरार छन् । मुलुकभर जेन्जी प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५८९ कैदी र नौ वटा बालसुधारगृहबाट ९ सय ६४ बालबन्दी गरी १४ हजार ५ सय ५३ बन्दी भागेका थिए ।
त्यसमध्ये मंगलबार अपराह्नसम्म आठ हजार ५ सय १० कैदी र ३ सय ४१ बालबन्दी गरी कूल आठ हजार ८ सय ५१ बन्दी कारागार फर्केका छन् । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार पाँच हजार ७९ कैदी र ६ सय १८ बालबन्दी गरी कूल पाँच हजार ६ सय ९७ बन्दी अझै फरार छन् ।
गृह मन्त्रालयले यही असोज १० गते फरार कैदीबन्दीलाई सोमबारसम्म कारागार फर्कन ‘अल्टिमेटम’ दिएको थियो । ठूलो संख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत सुरक्षाकर्मीले फरार कैदीलाई नियन्त्रणमा लिँदै सम्बन्धित कारागारमा बुझाइरहेका छन् ।
मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो ।
प्रदर्शनको मौका पारेर झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथदेवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौवस्ता, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट कैदीबन्दी भागेका थिए । यस्तै मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधार गृहबाट नौ सय ६३ बालबन्दी भागेका थिए ।
सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन र धादिङमा दुई कैदीको गोली लागेर मृत्यु भएको थियो । यस्तै नौवस्ता बालसुधार गृहमा झडप हुँदा पाँच बालबन्दीको मृत्यु भएको थियो । कारागार कार्यालयहरुले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गराउँदै आएका छन् । सरकारको सूचनालाई बेवास्ता गरी फरार कैदीबन्दीलाई प्रचलित कानुनबमोजिमको कारबाही गरिने विभागको भनाइ छ ।
कुल ७२ जिल्लामा रहेका ७५ वटा कारागारमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार छ सय ४६ कैदीबन्दी रहेका छन् । धनुषा, बारा, भक्तपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र पूर्वी रुकुममा कारागार छैनन् । रासस

# क्षतिग्रस्त बिपी राजमार्गमा अस्थायी सडक बनाइँदै



काभ्रेपलाञ्चोक ।
असोज १८ र १९ गतेको वर्षापछिको रोशी खोलाको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गमा पुनःअस्थायी सडक–डाइभर्सन बनाउन शुरु गरिएको छ । दुई दिनको बाढीपछि रोशी खोलामा पानीको बहाव कम हुँदै गएपछि आइबारदेखि डाइभर्सन बनाउन शुरु गरिएको हो ।
डिभिजन सडक कार्यालय भक्तपुरले रोशी गाउँपालिका र नमोबद्ध नगरपालिकाको समन्वयमा खोला एकतर्फी फर्काएर पुनःडाइभर्सन निर्माण गर्न थालेको हो । गत वर्षको असोजमा बाढीपहिरोबाट क्षतिग्रस्त सोही क्षेत्रको विभिन्न स्थानमा करिब आठ किलोमिटर सडक डाइभर्सन गरी अस्थायी रुपमा सञ्चालन गर्दै आइएको थियो ।
सोही क्षेत्रको सडकखण्ड शनिबार र आइतबारको बाढीपहिरोले पुनःक्षतिग्रस्त बनाउँदै बगाएको थियो ।
राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडाको एक स्थान तथा सिन्धुलीतर्फको अन्य तीन÷चार स्थानबाट अस्थायी सडक बनाउन शुरु गरिने कार्यालयका सूचना अधिकारी इञ्जिनियर बिन्दु अधिकारीले जानकारी दिए । उनका अनुसार रोशी खोलाको किनारैकिनार सडक लैजानुपर्ने तथा सडकको कुनै अवशेष नै नरहेकाले पानीको सतहभन्दा उचाइमा डाइभर्सन पुनःनिर्माण गरिनेछ ।
शनिबार र आइतबारको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत सिन्धुलीतर्फबाट पनि सोमबारदेखि नै पुनःडाइभर्सन बनाउन लागिएको छ । सिन्धुलीको नेपालथोकबाट डाइभर्सन बनाउन शुरु भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक लालध्वज सुवेदीले बताए ।
उनका अनुसार सिन्धुलीस्थित डिभिजन सडक कार्यालय खाल्टेले बिपी राजमार्गको नेपालथोकतर्फबाट हाल दुई वटा एस्काभेटर प्रयोग गरेर डाइभर्सन बनाउन शुरु गरिएको हो ।
सिन्धुलीबाट काभ्रेपलाञ्चोकतर्फको नमोबुद्धको चौकीडाँडासम्मको विभिन्न स्थानमा सडक बगाउनुका साथै क्षतिग्रस्त भएपछि पूर्ण रुपमा उक्त राजमार्ग अवरुद्ध भएको हो । हाल वैकल्पिक मार्गका रुपमा सवारीसाधन खुर्कोट–मन्थली हुँदै अरनिको राजमार्ग र सिन्धुली–हेटौँडा हुँदै काठमाडौँ आवतजावत भइरहेका छन् ।
बिपी राजमार्गअन्तर्गत चौकीडाँडा, घुमाउने, माम्तीलगायतका क्षेत्रमा रोशी खोलाले राजमार्ग कटान गरेका कारण पैदल यात्रासमेत गर्नसक्ने अवस्था नरहेको जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ ।
कार्यालय प्रमुख कोमल शाहका अनुसार शनिबार साँझदेखि रोशी खोला तथा मङ्गलटार खोलाको बाढीले काम शुरु गरेपछि करिब दर्जन स्थानमा सडकमा लेदो जमेको तथा सडक बगाउँदा पिप्ले र बोक्सेकुनामा हिँड्ने बाटोसमेत छैन ।
सडक कटान गरेपछि फसेका करिब तीन दर्जन सवारीसाधनलाई प्रहरीले इलाका प्रहरी कार्यालय मङ्गलटार तथा सुरक्षित स्थानमा राखिएको थियो ।
जिल्ला विपद् व्यवस्थापन समिति काभ्रेपलाञ्चोकले शनिबारदेखि बिपी राजमार्गमा तीन दिन सवारीसाधन आवतजावत बन्द गर्ने निर्णय गरेको थियो ।
शुक्रबारदेखिको निरन्तरको वर्षाका कारण बिपी राजमार्गको विभिन्न स्थानमा लेदासहितको सानासाना पहिरोका कारण थप जोखिम हुन नदिन ट्राफिक प्रहरीले शनिबार बिहानैदेखि प्रवेशमार्गस्थल धुलिखेल तथा काभ्रेभञ्ज्याङ, भकुण्डे र मङ्गलटारमा सवारीसाधन होल्डसवारी साधन ‘होल्ड’ गरिएको थियो ।
कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको थियो । पूर्वी नेपाल जोड्ने छोटो दुरीका रुपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौँ यातायातका साधन आवतजावत हुने गर्छन् । रासस

# मेची र तमोर करिडोर अवरुद्ध हुँदा वैकल्पिक मार्ग प्रयोग

**तेह्रथुम।**
अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण मेची राजमार्ग र तमोर करिडोर सडक अवरुद्ध बनेपछि वैकल्पिक मार्गका रुपमा फिदिम–म्याङ्लुङ–धनकुटा–धरान को रुट प्रयोग गरिएको छ।
ताप्लेजुङ, पाँचथर र तेह्रथुमको आठराई क्षेत्रका यात्रुले पूर्वी तराई झर्न प्रयोग गर्ने मेची राजमार्ग र तमोर करिडोरका एक दर्जन स्थानमा बाढीपहिरोले अवरुद्ध हुँदा यात्रु महँगो भाडा तिरेर लामो दूरीको वैकल्पिक रुट प्रयोग गर्न बाध्य भएका हुन्।
पाँचथर सदरमुकाम फिदिमबाट मध्यपहाडी लोकमार्ग प्रयोग गरेर तेह्रथुम सदरमुकाम म्याङ्लुङ पुग्दा मेची राजमार्ग हुँदै झण्डै झापाको बिर्तामोड पुगिन्छ भने तमोर करिडोर भएर धरान नै पुगिन्छ । यी प्रमुख सडकको विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि वैकल्पिक मार्ग प्रयोग गरिएको हो।
सोमबार दिउँसो तेह्रथुमको म्याङ्लुङ बसपार्कमा भेटिनुभएकी काठमाडौँकी कमला पाठकले आफू पनि वैकल्पिक मार्ग प्रयोग गरी म्याङ्लुङ आइपुगेको बताए । उनले म्याङलुङबाट बसन्तपुर–हिले–धनकुटा–धरान हुँदै काठमाडौँ फर्किने बताए।
पाँचथर याङवरकका राजकुमार सेलिङले पनि बैकल्पिक मार्ग प्रयोग गरी झापाको बिर्तामोड हिँडेको बताए । पाथीभरा देवीको दर्शन गरेर फर्किने दर्शनार्थी, उपचारका लागि सुबिधासम्पन्न अस्पताल खोज्दै तराई झर्ने सेवाग्राही र विशेष कामले पूर्वी तराई र राजधानी काठमाडौँ फर्किनेका लागि वैकल्पिकमार्ग्गले सहज भएको छ।
म्याङ्लुङस्थित तेह्रथुम यातायात प्रालिका इञ्चार्ज मङ्गल बेघाका अनुसार ताप्लेजुङ र फिदिमिबाट झापा, मोरङ, सुनसरी जाने यात्रुवाहक सवारीसाधन म्याङ्लुङ हुँदै गइरहेका छन् । जिल्लाप्रहरी कार्यालय तेह्रथुमले दिएको जानकारी अनुसार यो मार्ग भएर सोमबार २०० को हाराहारीमा सवारीसाधन आवतजावत गरेका छन्।
तेह्रथुमको आठराई गाउँपालिकाको माझीटारदेखि लालिगुँरास नगरपालिकाको चित्रेसम्मको १२० किलोमिटर सडकमध्ये २४ किलोमिटरबाहेक सबै सडक पक्की छ । फेदाप गाउँपालिका–२ ओयाक्जुङदेखि वडा नं ५ इसिबुसम्मको १४ किलोमिटर खण्ड कच्ची छ भने फेदाप–२ स्थित खोरङ्वा–यावरा १० किलोमिटर कच्ची सडक छ।
सवारीसाधनको चाप बढ्ने अवस्थालाई मध्यनजर गर्दै यात्रुको सहजताका लागि फेदाप गाउँपालिकाले आइतबार कच्ची सडकको पनि मर्मत गरेको छ । तेह्रथुमको सडक अहिलेको अवस्थामा सुरक्षित रहेको र धनकुटा हुँदै धरानसम्म यातायात सञ्चालनमा कुनै समस्या नरहेकाले प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले बताए।
पूर्वी पहाडलाई प्रदेश राजधानी विराटनगरसँग जोड्ने दुरतमार्ग तमोर करिडोर सडक विभिन्न स्थानमा अवरुद्ध छ । ताप्लेजुङ, पाँचथर हुँदै झापा जोड्ने मेची राजमार्गको पनि इलाम र माइखोलालगायत स्थानमा अवरुद्ध रहेको सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईको भनाइ छ।रासस

# खुम्बुमा असोजमै हिमपात

**सोलुखुम्बु।**
सगरमाथा क्षेत्रमा शरद् ऋतु शुरु हुँदै गर्दा पर्यटकीय याम पनि शुरु हुन्छ। हरेक वर्षको असोज अन्तिम साता नाम्चेबजारदेखि गोक्यो, दिङ्बोचे र फोर्चेसम्मको बाटोमा पर्यटक, व्यापारी र स्थानीय चहलपहल बढ्छ।
यसवर्ष भने असोजको तेस्रो सातामै हिउँ परेपछि खुम्बु क्षेत्र सेताम्य भएको छ। यस क्षेत्रमा असोजमा हिउँ पर्नु दुर्लभ मानिन्छ। यसपटकको असोजको हिमपातले स्थानीय, व्यवसायी र आरोहण टोली प्रभावित भएका छन्।
गत आइतबार बिहानदेखि शुरु भएको भारी वर्षापछि सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको नाम्चेभन्दा माथिल्लो क्षेत्रमा हिउँ परेको छ। लगातारको वर्षा र हिमपातले दिङ्बोचे, लाबुचे, फेरेचे र गोक्यो क्षेत्र सेताम्य बनेको स्थानीय पासाङ शेर्पाले जानकारी दिए।
खुम्बु पासाङल्हामु गाउँपालिका–४ का अध्यक्ष लक्ष्मण अधिकारीका अनुसार आइतबार परेको हिमपातले खुम्बुको माथिल्लो क्षेत्रको छानामाथि चार फिटभन्दा बढी हिउँ जमेको थियो।
‘नाम्चेभन्दा माथिल्लो क्षेत्रमा परेको हिउँले जनजीवन प्रभावित बनाएको छ’, अधिकारीले भने, ‘दिङ्बोचे क्षेत्रमा पाँच वटा होटल हिमपातबाट प्रभावित भएका छन्, तर मानवीय क्षति भने भएको छैन ।’ दिङ्बोचे क्षेत्रका पाँच होटल जस्तासहितका संरचना हिउँको भार सहन नसकी भास्सिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ।
कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) मनोजित कुँवरले भने, ‘हिउँको भार र लगातारको वर्षाले छानाको संरचना भत्किँदा पाँच होटल भासिएका हुन् । मानवीय क्षति नभए पनि आर्थिक क्षति भने भएको छ ।’ पर्यटन याम शुरु भइसकेका बेला परेको हिमपातले व्यापारीलाई थप चिन्तित बनाएको उनको भनाइ छ।

**असामान्य मौसमी परिवर्तन**

खुम्बुमा असोजमै हिउँ पर्नु असामान्य मानिन्छ। सामान्यतया मङ्सिरदेखि माघमा मात्र यहाँ बाक्लो हिमपात हुन्छ। सगरमाथा प्रदूषण नियन्त्रण समिति एसपिसिसी) का अध्यक्ष लामाकाजी शेर्पाले भने, ‘हिउँ असोजमा पर्नु जलवायु परिवर्तनको सङ्केत हो। मैले असोज महिनामा हिउँ परेको घटना कमै मात्रामा देखेको छु। यो दुर्लभ घटना हो।’
उनका अनुसार, जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा मौसमको स्वरूप अनिश्चित बन्दै गएको छ। पहिले निश्चित समयमा हिउँ पर्ने र पग्लिनेक्रम हुन्थ्यो, अहिले त्यो तालमेल हराएको उनको भनाइ छ।

**जीवनशैली र कामकाज प्रभावित**

हिमपातपछि खुम्बुका बासिन्दाको दैनिक जीवन प्रभावित भएको छ। असोज २० गते बिहान मौसम खुलेपछि केही हिउँ पग्लिए पनि चिसोले जनजीवन सुस्त बनेको स्थानीयको भनाइ छ। ‘हिउँ परेपछि तापक्रम घटेको स्थानीय ल्हाक्पा ग्याल्जेन शेर्पाले भने।
हिउँका कारण खुम्बुमा निर्माणाधीन आमा दब्बलङ्ग जलविद्युत् आयोजनाको काम पनि रोकिएको छ। वडाध्यक्ष अधिकारीका अनुसार कामदारहरू चिसोका कारण नाम्चे झरेका छन्। मौसम अनुकूल भएपछि मात्रै काम शुरु हुनेछ उनको भनाइ छ।

**जलवायु परिवर्तनको प्रभावमा हिमाली जीवन**

खुम्बु क्षेत्रमा पछिल्ला वर्षमा मौसममा अप्रत्यासित परिवर्तन देखिएको छ। कहिले असोजमै हिउँ पर्ने, कहिले माघमा हिउँ नपर्ने अवस्था बनेको छ । वातावरणविद्हरुका अनुसार तापक्रम वृद्धि र वर्षाको असन्तुलनका कारण हिमालमा हिउँको मात्रा घट्दै गएको छ । तर छोटो समयमा तीव्र हिमपात हुने घटना बढेका छन्।
‘पहिले असोजदेखि मङ्सिरसम्म पर्यटकीय याम रहन्थ्यो, अहिले हिउँ र वर्षाका कारण बाटो बन्द हुने, उडान रोकिने, होटल खाली हुने समस्या छ’, स्थानीय व्यवसायी तोयकुमार श्रेष्ठले भने।

**हिमाल जोगाऔँ, जलवायु सन्तुलन राखौँ**

खुम्बुका बासिन्दाले असोजमै हिमपातपछि जलवायु सन्तुलनका लागि स्थानीय तह र सरकार दुवैले ध्यान दिनुपर्नेमा जोड दिएका छन्। ‘हामीले केही वर्षयता जलवायु परिवर्तन महसुस गर्दै आएका छौँ’, नाम्चेका सुमन मोक्तानले भने, ‘अहिले हिउँ असामान्य समयमा पर्छ, गर्मी असामान्य बेला आउँछ । यो हिमालको स्वरूप बदलिँदैछ।’
स्थानीय जनप्रतिनिधिले पनि जलवायु अनुकूलन कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्नेमा स्थानीयले जोड दिएका छन्। ‘हिउँ असामान्य समयमा परेपछि ढुवानी, पर्यटन र जनजीवन सबै प्रभावित हुन्छ’, खुम्जुङका वडाध्यक्ष लक्ष्मण अधिकारीले भने, ‘हाम्रो आर्थिक जीवन हिउँसँगै बाँधिएको छ, त्यसैले राज्यले पनि यस क्षेत्रमा विशेष योजना ल्याउनुपर्छ।’

**कोरियाली आरोहीको मृत्यु**

महाकुलुङ गाउँपालिका–३ स्थित मेरापिक हिमाल आरोहणका क्रममा यही असोज २० गते कोरियाली नागरिक टेजुन पार्कको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ।
डिएसपी मनोजित कुँवरका अनुसार पार्क असोज १८ गते मेरापिक हिमाल आरोहणका क्रममा छ हजार ४६० मिटर उचाइमा पुगेका थिए । मौसम प्रतिकूल भएपछि पार्क र नेपाली गाइड तेम्बा शेर्पा बेपत्ता भएका थिए। खोजतलास गर्दा तेम्बा शेर्पा छ हजार १०० मिटर उचाइमा जीवित फेला परेका थिए भने पार्क मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।
मृतक पार्कको शव हेलिकप्टरमार्फत लुक्ला ल्याई आवश्य प्रकृया पूरा गरी काठमाडौँको शिक्षण अस्पतालमा शव परीक्षणका लागि पठाइएको कुँवरले जानकारी दिए । प्रारम्भिक अनुसन्धान अनुसार, अत्यधिक चिसो र अक्सिजनको कमीका कारण पार्कको ज्यान गएको हुनसक्ने अनुमान प्रहरीले गरेको छ।

**दसैँ सौहार्दपूर्ण वातावरणमा सम्पन्न**

हिमपात, दुर्घटना र आरोहणका घटनाबीच पनि सोलुखुम्बुमा यस वर्षको दसैँ उत्साहपूर्वक र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म कुनै ठूलो अप्रिय घटना भएको छैन। ‘छिटफुट घटनाबाहेक दसैँ शान्तिपूर्वक बित्यो’, डिएसपी कुँवरले भने। यद्यपि यही असोज १५ गते माप्य दूधकोसी गाउँपालिका–१ जुभिङमा खुकुरी प्रहारबाट तीन जना घाइते भएका थिए।
प्रहरीका अनुसार ४९ वर्षीय मंगलमान राईले मादक पदार्थ सेवनपश्चात आफ्नी श्रीमती र दुई छिमेकीलाई खुकुरी प्रहार गरेका थिए । हाल राईलाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धान अघि बढाइएको छ।
साथै शनिबार राति परेको अविरल वर्षासँगै आएको पहिरोले सोलुदुधकुण्ड नगरपालिका–३ फलामखानीका प्रविण विश्वकर्माको घर बगाएको छ। वडाध्यक्ष ल्हाक्पा गेलु शेर्पाका अनुसार रातको समयमा आएको पहिरोले घर पूर्ण रूपमा क्षति पु¥याएको भने परिवारका सदस्य सकुशल छन्। उक्त घटनामा एक राँगो र चार वटा बाख्रा मरेका छन्। स्थानीयले बिहान पहिरोको अवस्था स्थलगत अवलोकन गरी राहतको पहल थालेकाछन् । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# पूर्वप्रधानमन्त्री र नेताहरू पक्राउको जाहेरी प्रहरीद्वारा अस्वीकार




**काठमाडौँ ।**
सुदन गुरुङको नेतृत्वमा रहेको जेन–जी समूहले पूर्वप्रधानमन्त्री तथा प्रमुख दलका नेताहरूलाई पक्राउ गर्न माग गर्दै दिएको जाहेरी प्रहरीले अस्वीकार गरेको छ । मंगलबार जिल्ला प्रहरी परिसर काठमाडौँले प्रधानमन्त्रीबाट लिखित जवाफ नआएसम्म जाहेरी दर्ता गर्न नसकिने भन्दै समूहलाई फर्काएको हो ।
परिसरबाट बाहिरिने क्रममा समुहका युवा ओजस्वी थापाले भोली र पर्सि गर्ने भनिएको जेन्जी आन्दोलनमा आफूहरुको कुनै संलग्नता नरहेको स्पष्ट पारे । हिजोको सरकारले दमन गरेर चाहिँदै नचाहिएको रक्तपात दिएको भन्दै उनले अब फेरी त्यो रक्तपात आफूहरुले नचाहेकोले आन्दोलनमा आफूहरुको सहभागीतालाई लिएर भ्रममा नपर्न आग्रह गरे । उनले भने,‘अक्टोबर ८र९ मा हामीले कुनैपनि तरिकाले बाढोमा उत्रेर आन्दोलन गर्ने कुनै योजना छैन् । हाम्रो देशलाई रक्तपात पुगिसकेको छ ।
हामीलाई रक्तपात चाहिएको छैन् । हिजोको सरकारले दमन गरेर चाहिँदै नचाहिएको रक्तपात दियो । धेरै वर्षपछि सबै नेपालीहरु एउटै झण्डामुनि साझा हिसाबले बस्न पाएका छन् ।
भ्रम छर्ने काम गरिरहेका छन् । भोली या पर्सि हाम्रो कुनै किसिमको कार्यक्रम छैन् ।’
त्यस्तै उनले देशमा सुशासन कायम नभएसम्म कानुन र सरकारलाई आफ्नो हिसाबले काम गर्न दिएर आनन्दले घरमा बस्न सबैलाई अपिल गरे ।
‘जबसम्म देशमा सुशासन कायम हुँदैन् । देशको भविष्य बन्दैन् तबसम्म आग्रह घरमा आनन्दले बस्नुहोस् । कानुन र सरकारलाई आफ्नो हिसाबले काम गर्न दिनुहोस्,’उनले भने ।

# विशेष महाधिवेशनका लागि २४ असोजभित्र हस्ताक्षर गर्न आग्रह

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टीको विशेष महाधिवेशनका तयारीका लागि महाधिवेशन प्रतिनिधिहरूलाई २४ असोजभित्र हस्ताक्षर गर्न आग्रह गरेका छन् । मंगलबार सामाजिक सञ्जालमार्फत एक भिडियो सन्देश जारी गर्दै उनले विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर संकलनको प्रक्रिया सुरु भएको र यसमा सबै प्रतिनिधिहरूको सहभागिता आवश्यक रहेको बताए ।
शर्माले भने, ‘मैले व्यक्तिगत रूपमा कसैलाई फोन गरेर हस्ताक्षर गर्न भनेको छैन, तर सबै मित्रहरूलाई आग्रह गर्दछु–पार्टी सुदृढीकरणको यो पहलमा सहकार्य गर्नुस् ।’
उनका अनुसार यो कदम कुनै व्यक्तिको विरोधका लागि होइन, पार्टीभित्र नयाँ ऊर्जा भर्ने र नेतृत्वमा आवश्यक समीक्षा गर्ने अवसरका रूपमा लिनुपर्छ ।
उनले विशेष महाधिवेशनका विषयमा उठेका केही असन्तुष्टि र प्रश्नहरूबारे पनि प्रतिक्रिया दिएका छन् । केही नेताहरूले यसले पार्टीलाई कमजोर बनाउन सक्ने तर्क गरे पनि, शर्मा त्यसका विपरीत धारणा राख्छन् । उनका शब्दमा, ‘विशेष महाधिवेशनले कांग्रेसलाई कमजोर होइन, अझ सशक्त बनाउनेछ । यो पार्टीको आन्तरिक लोकतन्त्रलाई बलियो पार्ने प्रक्रिया हो ।’
शर्माले हस्ताक्षर संकलनको काम विधिसम्मत रूपमा भइरहेको उल्लेख गर्दै २४ असोजभित्र सबै हस्ताक्षर केन्द्रीय कार्यालयमा पठाउन अनुरोध गरे । उनका अनुसार, २६ असोजदेखि सुरु हुने केन्द्रीय समिति बैठकअघि हस्ताक्षरसहितको निवेदन दर्ता गरिने योजना बनाइएको छ ।
आगामी २६ असोजदेखि हुने कांग्रेसको केन्द्रीय समिति बैठकमा गगनकुमार थापा, विश्वप्रकाश शर्मा लगायत नेताहरूले विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तन र संगठन सुदृढीकरणको प्रस्ताव प्रस्तुत गर्ने तयारी गरेका छन् ।
पार्टीको विधानअनुसार, कम्तीमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर संकलन भएपछि मात्र विशेष महाधिवेशन आह्वान गर्न सकिने व्यवस्था छ । यही प्रावधानअनुसार हाल प्रतिनिधिहरूबीच हस्ताक्षर अभियान तीव्र रूपमा अघि बढाइएको छ ।
शर्माले अन्त्यमा पार्टीभित्र लोकतान्त्रिक मूल्य र पारदर्शिताको अभ्यासलाई मजबुत बनाउन सबै प्रतिनिधिहरूको सक्रिय भूमिका अपरिहार्य रहेको उल्लेख गर्दै, ‘यो कुनै विवाद होइन, लोकतान्त्रिक संवादको अभ्यास हो,’ भन्ने धारणा व्यक्त गरे ।

# नवदुर्गाको विशेष पूजा परम्पराले निरन्तरता पाएन

**भक्तपुर ।**
कोजाग्रत पूर्णिमाको दिन हरेक वर्ष राष्ट्रप्रमुखको सवारी भई नवदुर्गाको पूजा र प्रसाद ग्रहण गर्ने कार्य पहिलोपटक यस वर्ष टुटेको छ ।
मंगलवार दिउँसो ४ः०० बजे नवदुर्गाको पूजा एवं प्रसाद ग्रहणका लागि राष्ट्रपति रामचन्द्र पौडेलको सवारी हुने भन्दै जिल्ला प्रशासन कार्यालय भक्तपुरले आवश्यक तयारी गरे पनि अचानक राष्ट्रपति आउने कार्यक्रम स्थगित भएको थियो ।
राष्ट्रपतिको सट्टा उहाँको प्रतिनिधिका रूपमा शीतल निवासबाट ४:१५ उहाँका स्वकीय सचिव सुशील तिमिल्सिना आएका थिए । उनले राष्ट्रपतिका लागि नवदुर्गाको फूल, माला, प्रसाद, बिमिरो र पञ्चरङ्गी धागो लिएर गएका थिए ।
स्वकीय सचिव तिमिल्सिनाले अचानक राष्ट्रपतिको स्वास्थ्यमा समस्या आएपछि उनको सवारी रद्द गरिएको जानकारी दिए । त्यसपछि सरकारी पूजाको रूपमा नवदुर्गामा आज गुठी संस्थानको तर्फबाट संस्थानका प्रमुख शैलेशराज कुँवरले पूजा गरेका छन ।
राष्ट्रपतिको सवारी हुँदा गुठी संस्थानले तयार पारेको पूजा सामग्रीबाट नवदुर्गाको पूजा गर्ने, प्रसाद ग्रहण गर्ने र ३३ नवदुर्गा देवगणलाई राष्ट्रपति कार्यालयबाट ल्याएको दक्षिणा दिने प्रचलन रहेको थियो । यसवर्षको दक्षिणा भने जिल्ला प्रशासन कार्यालयमार्फत देवगणलाई केही दिनमा पठाइने जनाइएको छ ।
नवदुर्गा देवगण नाइके बृजेश वनमालाले राष्ट्रप्रमुखबाट हुँदै आएको नवदुर्गाको पूजा ३८ वर्षमा पहिलोपटक टुटेको बताए । नवदुर्गा जात्रा व्यवस्थापन संस्थाका प्रमुख सल्लाहकार नारायणमान वनमालाले पहिलोपटक यस वर्ष राष्ट्रप्रमुखको हातबाट हुने पूजाले निरन्तरता पाउन नसकेको बताए ।
स्थानीय समाजसेवी एवं ज्येष्ठ नागरिक अनन्त धौभडेलले तान्त्रिक शक्ति रहेको र आफैँ उत्पत्ति भएको किंवदन्तीअनुसार राष्ट्रप्रमुखको पूजाले देशको हित हुने मान्यताअनुसार तत्कालीन राजा वीरेन्द्रको पालामा उक्त परम्परा सुरु भएको जानकारी दिए । रासस

# प्रदर्शनकारीको अवरोधले सिंहदरबारको आगो निभाउन सकिएनः बालेन



**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहले भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा महानगरपालिकाले जलेका संरचनाहरू नजोगाएको भन्ने आरोपको स्पष्टीकरण दिएका छन् ।
मंगलबार सामाजिक सञ्जाल फेसबुकमार्फत उनले आन्दोलन सुरु भएदेखि २८ गतेसम्म कुन कुन दिन कुन कुन स्थानमा दमकल पुगेर आगलागी निभाइयो भन्ने सम्पूर्ण जानकारी गराएका हुन् ।
यत्रो सिंहदरबार जल्दा काठमाडौँ महानगरको दमकल कहाँ गयो? सिंहदरबार जलाउने नै बालेन शाह हो जस्ता प्रश्न र आरोप केही दिनदेखि उठिरहेको भन्दै उनले आपत्ति जनाएका छन् । प्रदर्शनकारीहरुको अवरोधले समयमा सिंहदरबारको आगो निभाउन दमकल पुग्न नसकेको उनले जानकारी दिएका छन् ।
उनले आन्दोलनका क्रममा ५५ पटक भन्दा बढी स्थानमा महानगरको दमकल परिचालन गर्नका साथै स्वास्थ्यकर्मीको टोलीले घाइतेको उपचारदेखि मृतकको लास व्यवस्थापनसम्मको जिम्मेवारी लिएको उल्लेख गर्दै उनले हुदै नभएको गलत आरोप फैलाउनेहरूलाई एकमुष्ट रूपमा सम्बोधन गर्न आफूले स्टाटस लेखेको स्पष्ट पारे ।
मेयर शाहले दिन रात नभनी महानगरको टोली खटिएको दाबी गर्दै आरोपबाट र जिम्मेवारीबाट नभाग्ने धारणा राखे ।

# दलहरूलाई निषेध गर्दै सरकार शाहीकालको बाटोमा

**काठमाडौँ ।**
नेकपा एमालेले सरकार र निर्वाचन आयोगले राजनीतिक दलहरूसँग कुनै छलफल नगरी निर्वाचन कार्यतालिका सार्वजनिक गरेको भन्दै त्यसलाई शाहीकालको अभ्याससँग तुलना गरेको छ । पार्टीले दलीय प्रणालीमा निर्वाचन कार्यतालिका सार्वजनिक हुनु सामान्य प्रक्रिया भए पनि यसपटक सरकारको एकल निर्णयले लोकतान्त्रिक परम्पराको उल्लङ्घन भएको आरोप लगाएको छ ।
एमाले प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले मंगलबार विज्ञप्ति जारी गर्दै भने, ‘सरकार बनेको यतिका समय बितिसक्दा पनि उसले कुनै राजनीतिक दलसँग छलफल, बहस वा संवाद गरेको छैन । दलहरूलाई विश्वासमा लिएको छैन, बरु निषेध गर्ने प्रवृत्ति देखाएको छ ।’
उनका अनुसार शान्ति, सुरक्षा र सुशासनको वातावरण नबनाई केवल सूचना टाँसेर निर्वाचन गर्न खोज्नु गैरलोकतान्त्रिक कदम हो ।
गौतमले वर्तमान सरकारको कार्यशैलीलाई पूर्वराजा ज्ञानेन्द्र शाहको शासनकालसँग तुलना गर्दै भने, ‘शाहीकालमा पनि राजाले राजनीतिक दलसँग संवाद नगरी निर्वाचनको मिति तोक्ने घोषणा गरेका थिए । अहिले पनि त्यसैको पुनरावृत्ति जस्तो देखिन्छ ।’
उनले सरकार र निर्वाचन आयोग दुवै संस्थाले राजनीतिक दलहरूसँग समन्वय बिना कार्यतालिका ल्याएर लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाएको टिप्पणी गरे । उनका अनुसार, ‘निर्वाचन भनेको केवल मिति घोषणा गरेर सम्पन्न हुने प्रक्रिया होइन, यसको लागि शान्ति, विश्वास र राजनीतिक सहमति आवश्यक हुन्छ ।’
गौतमले थपे, ‘यदि सरकारले साँच्चिकै निष्पक्ष र विश्वसनीय निर्वाचन गराउन चाहन्छ भने तत्काल प्रमुख राजनीतिक दलहरूसँग छलफल थाल्नुपर्छ । पहिलो, शान्ति सुरक्षाको सुनिश्चितता हुनुपर्छ, दोस्रो, दलीय गतिविधि निर्धक्क रूपमा गर्न पाउने वातावरण बनाउनुपर्छ, र तेस्रो, निर्वाचन आयोग स्वतन्त्र र निष्पक्ष देखिनुपर्छ ।’
उनले लोकतान्त्रिक प्रणालीमा संवाद र सहकार्यको अभ्यासलाई नजरअन्दाज गर्दै एकल निर्णयमा जाने प्रवृत्ति राष्ट्रका लागि जोखिमपूर्ण हुने चेतावनी पनि दिए । ‘यो लोकतन्त्र हो, सैनिक शासन होइन,’ गौतमले भने, ‘त्यसैले सबै दललाई बराबरको हैसियतमा राखेर मात्र निर्वाचनको प्रक्रिया अघि बढाउनुपर्छ ।

# बालेन्द्र र सुधनविरुद्ध काठमाडौँ प्रहरीमा जाहेरी



**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र साह र हामी नेपालका संस्थापक सुधन गुरुङविरुद्ध नेकपा एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुका नेताहरूले जाहेरी दिएका छन् ।
मंगलबार काठमाडौँ प्रहरी परिसरमा पुगी उनीहरु विरुद्ध जाहेरी दिएको अखिलका पूर्वअध्यक्ष समीक बडालले जानकारी दिए । कानूनी राज्यको पक्षधर भएकोले आफूहरुले जाहेरी दिएको बताए ।
‘हामीले जाहेरी दिएका छौँ । २४ घण्टाभित्र सरकारी वकिलसँग सल्लाह गरेर निर्णय लिन्छौं भन्नुभएको छ,’ उनले भने, ‘हामी कानूनी राज्यको पक्षधर विद्यार्थी संगठन भएको नाताले मुलुकको विधिको शासनको वकालत गर्दै आएको यसलाई प्रशय दिनुहुँदैन भन्ने भएकाले यहाँ उपस्थित भएका हौँ ।’
उनले सिंहदरबारसहित सरकारी संरचनामा आगजनी, तोडफोड गर्नेहरुलाई छानविनको दायरामा ल्याउनुपर्ने भन्दै प्रमाणसहित प्रस्तुत गरेको बताए ।

# ओली र लेखकविरुद्धको सामूहिक हत्यासम्बन्धी जाहेरी आयोगमा



**काठमाडौँ ।**
जेन्जी आन्दोलनका प्रदर्शनकारीहरूले प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध ‘सामूहिक हत्या’को आरोप लगाउँदै उनीहरूलाई पक्राउ गर्न मागसहित काठमाडौँ प्रहरी परिसरमा जाहेरी दर्ता गर्ने प्रयास गरेका छन् । भदौ २३ र २४ गतेका प्रदर्शनका क्रममा अत्यधिक बल प्रयोग हुँदा १९ जनाको ज्यान गएपछि आन्दोलनकारीहरू आक्रोशित बनेका हुन् ।
सोमबार राति प्रहरी परिसरमा जाहेरी दर्ता गर्न खोज्दा प्रहरी प्रशासनले अस्वीकार गरेपछि स्थिति केही समय तनावपूर्ण बनेको थियो । त्यसपछि मंगलबार पनि आन्दोलनकारीहरूले आफ्नो माग पुरा गर्न निरन्तर दबाब दिए ।
अन्ततः प्रहरीले जाहेरी दर्ता गरी यसलाई पूर्वन्यायाधीश गौरबहादुर कार्कीको नेतृत्वमा गठन गरिएको जाँचबुझ आयोगमा पठाउने निर्णय गरेको छ ।
स्रोतका अनुसार जाहेरी दर्ता गर्नुअघि सोमबार नै घटनामा ज्यान गुमाएका परिवारका सदस्यहरूसँग छलफल गरिएको थियो । साथै, प्रहरी अधिकारीहरू र गृह मन्त्रालयका प्रतिनिधिहरूबीच पनि घटना समाधानका लागि धेरैपटक बैठक भएको बताइएको छ ।
तर, हालसम्म प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकविरुद्ध कुनै ठोस कानूनी कारबाही अघि बढाइएको छैन ।
सरकारी अधिकारीहरूले कानूनी प्रक्रिया जटिल रहेको र आयोगको प्रतिवेदन नआउँदासम्म ‘पर्ख र हेर’को नीति अपनाउने बताएका छन् ।
सरकारले घटनाको सत्यतथ्य पत्ता लगाउन भदौ २३ र २४ गतेका घटनाबारे विस्तृत अध्ययन गर्ने जिम्मेवारीसहित जाँचबुझ आयोग गठन गरेको थियो । आयोगले सबै पक्षका बयान र प्रमाण संकलन गरी प्रतिवेदन तयार पार्नेछ । सो प्रतिवेदनमा घटनाका दोषीहरूलाई कारबाही गर्ने वा अन्य कानूनी कदम सिफारिस गर्ने तयारी गरिएको बताइएको छ ।
यसैबीच, प्रहरीले समानान्तर रूपमा छुट्टै अनुसन्धान अघि नबढाउने निर्णय गरेको छ । प्रहरीका अनुसार आयोगले नै घटना अनुसन्धान गरिरहेकाले दोहोरोपनाको समस्या आउन सक्ने भएकाले त्यसको नतिजा पर्खनु उचित ठानेको छ । आयोगले आगामी हप्ता भित्र प्रारम्भिक प्रतिवेदन गृह मन्त्रालयमा बुझाउने तयारी गरेको जनाइएको छ ।

# चुनावको वातावरण निमार्ण गर्न दलसँग छलफल जरुरी

**काठमाडौँ ।**
निर्वाचन आयोगले फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा चुनावको विषयमा राजनीतिक वातावरण निर्माण गर्न सरकारले राजनीतिक दलसँग छलफल गर्नुपर्ने बताएको छ ।
मंगलबार सरोकारवालाहरुसँगको बैठकपछि आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आसन्न प्रतिनिधिसभा चुनावको विषयमा निर्वाचन आयोग तयार रहेको भन्दै सरकारले दलसँग छलफल गर्नुपर्ने बताए ।
उनले भने, ‘राजनीतिक वातावरण निर्माण गर्ने विषयमा राजनीतिक दलहरुसँगको छलफल लगायतको विषयमा सरकारले अगाडि बढाउन पर्यो । छलफल भन्ने विषयमा सँगसँगै सँगसँगै अगाडि बढ्छौं । यसको प्राविधिक पाटो तयारीको पाटोमा निर्वाचन आयोगले सरोकार तहमा छलफल गर्छ ।’
निर्वाचन आयोगले सोमबार कार्यतालिका सार्वजनिक गरेको जानकारी गराउँदै उनले निर्वाचन स्वच्छ निर्पक्ष बनाउन सरकारसँग सहकार्य हुने बताए ।
‘भर्खरै मात्र हिजो मात्र निर्वाचन आयोगले कार्यतालिका सार्वजनिक गरेको छ,’उनले भने, ‘निर्वाचन कार्यक्रमका विषयमा मतदानलाई थप स्वच्छ निर्पक्ष बनाउने, आचारसंहिता लागू गर्ने निर्वाचन आयोगको क्षेत्राधिकार भित्र पर्छ त्यसमा आयोगले सरोकारवाला अथवा राजनीतिक दलहरुसँग सम्बन्धित सहकार्य गर्छ । सुरक्षाको सुनिश्चितता लगायतका विषयहरुमा सरकारको कार्यक्षेत्र भित्र पर्छन् त्यसमा सरकारको तर्फबाट हुन्छ । सबैले मिलेर गर्ने हो ।’

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन